जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३३६ • २०८३ साल बैशाख २२ गते मंगलबार (5 May, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## कृषि गणना हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । तीन तहकै सरकारको सहभागितामा पहिलो पटक मधेश प्रदेशसहित सातै प्रदेशमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि गणना सञ्चालन गरेको छ ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको संयुक्त सहभागितामा कृषि गणना सञ्चालन थालिएको छ ।

> गणकले प्रत्येक किसानको घरदैलोमा पुगेर प्राप्त गरेको सूचनाका आधारमा आधिकारिकतथ्यांक संकलन गरेका छन् ।

सरकारले आफ्नो आन्तरिक जनशक्तिको प्रयोग गरी स्रोत र साधनको अधिकतम परिचालन गरेर कृषि गणनालाई मितव्ययी बनाएको छ। गणकले प्रत्येक किसानको घरदैलोमा पुगेर प्राप्त गरेको सूचनाका आधारमा आधिकारिक तथ्यांक संकलन गरेका छन्। तथ्यांक प्राप्त गर्न मोबाइल र ट्याबलोइडको प्रयोग गरिएकाले कृषि गणना कार्यक्रम प्रभावकारी बनेको पाइएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ तथ्यांक अधिकृत रामकृष्ण रेग्मीले गणनाबाट प्राप्त तथ्यांकका आधारमा कृषि क्षेत्रको विकासका लागि आवश्यक राष्ट्रिय नीति नियम बनाउन तथा त्यसलाई कार्यान्वयनमा लैजान सहयोग पुग्ने जानकारी दिए।

पहिलो चरणमा स्थानीय तहका कृषि प्राविधिक किसानको घरदैलोमा पुगेर कृषिमा कृषकको पहुँच, मलबीउको प्रयोग, मूल्य भण्डारणको संरचना, सिचाइँको प्रयोग, प्रविधिको प्रयोग, वित्तीय पहुँच, कृषि सेवा पहुँच, बीमा, कृषि पशुको उत्पादनको अवस्थालगायतका विषयमा प्रश्न सोधेर तथ्यांक संकलन गरिने जनाइएको छ।

त्यस्तै दोस्रो चरणमा प्राप्त तथ्यांकलाई विश्लेषण गरी कृषिको आधिकारिक तथ्यांक परिणाम निकालिने छ। महत्वाकांक्षी परियोजनाका रूपमा सञ्चालन गरिएको यस कार्यक्रममा मन्त्रालयले सुपरिवेक्षकलाई तालिम दिने र सुपरिवेक्षकले गणकलाई तालिम दिने व्यवस्था गरिएको छ।

दोस्रो चरणको काम शुरु गर्न पहिलो चरणको काम अनिवार्य सम्पन्न गर्नुपर्ने वरिष्ठ अधिकृत रेग्मीले बताए।

### ऐलानी, सरकारी जग्गा खाली गराउने अभियान

# बर्दिबास नगरपालिकाले ऐलानी जग्गाको आधिकारिकता दिलाउन प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम। संघीय सरकारले देशैभरिको ऐलानी, सरकारी जग्गा खाली गराउन चलाएको अभियानले तराई मधेशको कयौं जिल्लाका कयौं सहर, बजार उजाड हुने भएको छ।



राजमार्गको दुबै तर्फको बस्तीहरु मध्ये अधिकांश नयाँ र लालपुर्जाविहीन रहेको छ ।पछिल्लो समय अत्यन्त विकसित भएको बर्दिबास नगरपालिकाको कयौं वडावासीसित लालपुर्जा छैन् ।लालपुर्जा भएका जग्गाधनीहरुको पनि २०४४/०४५ पछिको लालपुर्जा छ ।ती सबै बस्ती तत्कालीन समयमा वन फडानीगरी बसेको छ।

सरकारले सबै ऐलानी र सरकारी जग्गालाई खाली गराउने अभियान तराई/मधेशमा चलाए केही लाख परिवार मधेश प्रदेशमा मात्र उठिबास हुनेछ।

सरकारले देशैभरिका पालिकाहरुलाई सरकारी , ऐलानी जग्गाको यकिनगरी विवरण माग गरेको छ ।गृहमन्त्रालयबाट जिल्ला प्रशासन कार्यालय हुँदै पालिकाहरुसित माग गरिएको विवरणको कारण त्यस्ता जग्गामा बसोबास गरिरहेका मानिसहरु त्रसित छन् ।

बर्दिबास नगरपालिकामा होटेल व्यवसाय गर्दै आएका गोपाल कार्कीले लालपुर्जा बिना बसोबास गरिरहेकाहरुलाई खाली गराए राजमार्ग क्षेत्र वरिपरि वीरान हुने बताए।

'राजमार्ग बनेपछि मात्र बर्दिबास, ढल्केवर, बटेश्वर, किसानपुर, औरही लगायतका धेरै गाउँबस्तीहरु बसेको छ ' उनले भने, सबै जंगल फडानीगरी सरकारी, ऐलानी जग्गामा बसोबास गरेकाले लालपुर्जा भए पनि सरकारी नीति अनुसार खाली गराउनु पर्ने देखिन्छ।

कहिले बनेको लालपुर्जाले जग्गाको संरक्षण गर्ने प्रश्न गर्दै उनले भने, काठमाण्डु नदी किनारको असुरक्षित बस्ती र देशका अन्य भूभागको बस्तीको प्रकृति फरक रहेको छ।

पूर्वपश्चिम राजमार्ग(महेन्द्र राजमार्ग) निर्माण भएपछि त्यसको दुबै तर्फ बस्ती बसाइएको र त्यो क्रमिक रुपमा बिस्तार भएको देखिन्छ।

राजमार्ग निर्माण २०२६ सालमा सुरु भयो ।त्यो कयौं वर्ष सम्म चलिरह्यो ।त्यसपछि देशको विभिन्न पहाडी जिल्ला र भारतको बिहार राज्यको समस्तीपुर लगायतका जिल्लाहरुबाट बसाईसराईगरी मानिसहरु राजमार्ग क्षेत्रमा बसोबास गरेको देखिन्छ ।बस्ती व्यवस्थित हुन थालेपछि तल्लो तराईका मानिसहरु पनि उक्त क्षेत्रमा बसोबास गरेका हुन्।

कतिपयले जग्गा खरिदगरी र कतिपयले वन फडानीगरी बसेका हुन् ।केहीले २०४४ सालतिर लालपुर्जा बनाए भने अधिकांशले लालपुर्जा पाउन सकेनन् ।केही वर्ष पूर्व सम्म वन फडानीगरी जंगलमा बस्ती बस्ने क्रम जारी थियो।

'ठूलो बस्ती छ, तर लालपुर्जा छैन्' बर्दिबास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले भने, हामी बस्ती हटाउने भन्दा उनीहरुलाई भूमि आयोगबाट जग्गाधनी पुर्जा दिलाउने प्रक्रियामा लागेका छौ । 'वैकल्पिक व्यवस्था नभइ बस्ती उठाउन सम्भव छैन्' उनले भने, बसोबास गरिरहेकाहरुलाई भोगचलनको आधारमा उनीहरुलाई पुर्जा दिन नगरपालिकाले भूमि आयोगसित पहल गरिरहेको छ।

यस्तो समस्या बर्दिबास नगरपालिका अथवा त्यस वरिपरिको पालिकाहरुमा मात्र नभइ तराई, मधेशको अधिकांश जिल्लामा यस्तो समस्या रहेको छ ।काठमाण्डुको अवस्था देखेर देशैभरि लागु हुने एउटै निर्णय लिँदा त्यसको कार्यान्वयन जटिल हुने देखिएको छ।

सरकारले मागेको विवरण तर्फ बर्दिबास नगरपालिकाले ध्यान नदिएको उल्लेख गर्दै अधिकृत अधिकारीले भने, कार्यपालिकाले त्यस सम्बन्धमा केही निर्णय लिनु पर्ने हुन सक्छ ।तर त्यस्तो पनि अहिले नभएको उनले बताए।

लालपुर्जा नभए पनि बस्तीहरुमा पानी, बिजुली, सडक लगायतका सबै पूर्वाधार रहेको छ ।कतिपय योजना संघीय सरकारको बजेटबाट, केही प्रदेश सरकार र अधिकांश कार्य पालिका स्तरबाट बजेट लगानी भएको छ।

सरकारले नदी छेउ अथवा नदी उकासको जग्गामा रहेको बसोबास र पाँच दशक पूर्व वन फडानीगरी बसकेो बस्तीबारे सरकारले स्पष्ट धारणा ल्याउनु पर्ने माग उठन थालेको छ।

बर्दिबासको ऐलानी जग्गामा बसोबास गर्नेहरु त्रासमा छन् ।सरकारले देशभरि नै एकै किसिमको सूचना जारी गरेबाट जग्गाधनी पुर्जा भएकाहरु पनि त्रसित देखिएका छन् ।कुन सालको पुर्जालाई सरकारले मान्य गर्ने त्यो पनि प्रश्न रहेको उनीहरु बताउँछन्।

हुन त सरकारले दिएको निर्देशन र काठमाण्डुको सुकुम्बासीलाई हटाइएको घटनाबाट उत्पन्न त्रासले बर्दिबासका कयौं बासिन्दाहरु राति निद्रा नलाग्ने गरेको बताउन थालेका छन्।

## भारतीय विदेश सचिवको नेपाल भ्रमण अन्योल

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतका विदेश सचिव विक्रम मिश्रीको नेपाल भ्रमण अन्योलमा परेको छ।

नेपाल र भारतबीच सीमा विवादको विषय फेरि बहसमा चर्किएसंगै भारतीय विदेश सचिव मिश्रीको नेपाल भ्रमण अन्योलमा परेको बताइएको छ।

नेपाली भूभाग कालापानी, लिम्पियाधुरा, लिपुलेक क्षेत्रमार्फत कैलाश मानसरोवर यात्रा शुरु गर्ने विषयमा भारत-चीनबीच सम्झौता भएको छ । भारतको विदेश मन्त्रालयले अप्रिल ३० तारेखमा चीन सरकारसंगको समन्वयमा जुन महिनादेखि अगस्ट महिनासम्म कैलाश मानसरोवर यात्रा सञ्चालन गरिने घोषणा गरेको थियो।

उक्त सम्झौतालाई लिएर नेपालले दुबै देशप्रति कूटनीतिक



नोटमार्फत आपत्ति जनाइएको प्रस्ट पारेको छ । परराष्ट्र मन्त्रालयले आइतबार प्रेसनोट सार्वजनिक गर्दै सन् १८१६ को सुगौली सन्धि अनुसार महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालकै भू-भाग भएकोमा सरकार अडिग रहेको स्पष्ट पारेको थियो।

नेपाली भूमि लिपुलेक हुँदै आयोजना हुने भनिएको यात्राका सम्बन्धमा नेपालले आफ्नो स्पष्ट अडान भारत र चीन दुबै पक्षलाई पुनः अवगत गराइसकेको सरकारले प्रेस नोटमार्फत जनाएको छ। उक्त क्षेत्रमा सडक निर्माण, व्यापार वा तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न भारतलाई निरन्तर आग्रह गर्दै आएको पनि परराष्ट्र मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयले जारी गरेको प्रेस नोटपछि भारतीय विदेश मन्त्रालयले प्रेस नोट जारी गर्दै नेपालको दाबीलाई अस्वीकार गरेको छ।

सार्वजनिक गरेको वक्तव्यमा लिपुलेक नाका सन् १९५४ देखि नै कैलाश मानसरोवर यात्राका लागि प्रयोग हुँदै आएको र यो कुनै नयाँ विकास नभएको उल्लेख गर्दै भारतले यस्ता क्षेत्रीय दावीहरू ऐतिहासिक तथ्य र प्रमाणमा आधारित नभएको भारतीय विदेश मन्त्रालयले जनाएको छ। भारतले नेपालसंग द्विपक्षीय सम्बन्धअन्तर्गत रहेका सबै विषयमा रचनात्मक संवादका लागि तयार रहेको पनि भनेको छ।


दुई देशको सीमा विवादका कारण सचिव मिश्रीको नेपाल भ्रमण पनि अन्योलमा रहेको स्रोतको भनाइ छ । यसअघि मिश्रीको नेपाल भ्रमणका क्रममा प्रधानमन्त्री बालेन्द्र (बालेन) साहसंग भेट हुने/नहुने भन्ने द्विविधामा केन्द्रित थियो । अहिले सीमा विवाद सतहमा आएपछि झन् अन्योल भएको छ।

मिश्रीको नेपाल भ्रमण वैशाख २८ गतदेखि सुरु हुने भनिएको थियो तर परराष्ट्र मन्त्रालयले भ्रमणको त्यस्तो कुनै औपचारिक निर्णय नभएको बताएको छ।

बालेनलाई भारतको भ्रमणको औपचारिक निमन्त्रणा दिन भारतीय विदेश सचिव मिश्री नेपाल आउन लागेका थिए। तर प्रधानमन्त्री बालेनले भेट्ने निश्चत नगरेपछि त्यतिबेला नै भ्रमण अनिश्चित बनेको थियो । यद्यपितयारी दुबै तर्फ चलिरहेको थियो । यो विवादले झन अन्योल थपिएको स्रोतले दाबी गरेको छ।

भारतीय विदेश सचिव मिश्री नेपाल भ्रमणमा नआए पनि परराष्ट्रमन्त्री शिशिर खनाल भने भारत भ्रमणमा जाने बुझिएको छ । भारतमा हुन गइरहेको ब्रिक्स परराष्ट्र मन्त्रीहरूको सम्मेलनमा उनी त्यहाँ जाने परराष्ट्र मन्त्रालयको एक अधिकारीले जनाए। यसबारे पनि परराष्ट्र मन्त्राालयले औपचारिक रुपमा भने जानकारी दिन चाहेनन्।

## जनमतले लिए समर्थन फिर्ता



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकार गतिहिन र आर्थिक अनियमिततामा लिप्त रहेको आरोप लागि रहेको बेला जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

दलका प्रमुख सचेतक चन्दन सिंहले जनाए अनुसार नौ जना साँसदको हस्ताक्षर सहित समर्थन फिर्ता लिएको पत्र सोमबार प्रदेश प्रमुख सुरेन्द्र लाभलाई बुझाइएको छ।

जनमत पार्टीबाट महेश यादव अर्थमन्त्री र बसन्त कुशवाहा खेलकुद मन्त्री रहेका छन्। बबिता इश्र उपसभामुख छिन्।

जनमत पार्टीमा सत्ता विवाद चुलिएको छ। यसअघि जनमत पार्टीकै मुख्यमन्त्री सतिश कुमार सिंहलाई दलका नेता महेश यादवको नेतृत्वमा जनमत पार्टीले समर्थन फिर्ता लिएको थियो।

यसैगरी स्रोतका अनुसार जनता समाजवादी पार्टी नेपालले पनि साँसदहरुको हस्ताक्षर सोमबार गराइ सकिएको छ। सरकारलाई दिइएको समर्थन फिर्ता लिएको पत्र मंगलबार प्रदेश प्रमुखलाई बुझाइने स्रोतले जनाएको छ।

जसपा नेपालले समर्थन फिर्ता लिए नेपाली काँग्रेस संसदीय दलका नेता कृष्ण यादव नेतृत्वको सरकार अल्पमतमा पर्नेछ।

एमालेको समर्थनमा जसपा नेपाल र जनमतसहितको सरकार बनाउने तयारी छ।



# भूमिहीन नागरिकहरूको अवस्था पहिचान गरी दिगो समाधान गरिनेछ : प्रधानमन्त्री साह



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र साहले भूमिहीन नागरिकहरूको वास्तविक अवस्था पहिचान गरी व्यवस्थित, पारदर्शी र दिगो समाधानतर्फ सरकार अघि बढिसकेको जानकारी दिनुभएको छ।

उहाँले सोमबार सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिनेछ । अन्य भूमिहीन नागरिकहरूको हकमा सम्बन्धित आयोगको सिफारिस र सङ्कलित विवरणका आधारमा नेपाल सरकारले आवश्यक निर्णय गर्नेछ।'

काठमाडौँ उपत्यकाका नदीकिनार तथा सरकारी स्वामित्वमा रहेका जग्गामा अवाञ्छित रूपमा अतिक्रमण भएको स्पष्ट भएका क्षेत्रहरूमा नेपाल सरकारले कानुनबमोजिम अघि बढाएको व्यवस्थापन प्रक्रियाका विषयमा विभिन्न टिप्पणी तथा व्याख्या सार्वजनिक भइरहेकाप्रति सरकारको ध्यानाकर्षण भएको उहाँले जनाउनुभएको छ।

उक्त प्रक्रियालाई लिएर भूमिहीन तथा अव्यवस्थित बसोबासमा रहन बाध्य नागरिकहरूमा उठिबास हुने हो कि भन्ने आशङ्का उत्पन्न गराउने तथा नियोजित रूपमा त्रास फैलाउने प्रयास भइरहेको सम्बन्धमा प्राप्त सूचनालाई सरकार गम्भीरतापूर्वक लिइएको प्रधानमन्त्री शाहको भनाइ छ।

प्रधानमन्त्री शाहले दीर्घकालीन समाधान कार्यान्वयनमा अवरोधका रूपमा रहेका भूमिसम्बन्धी ऐन २०२१ का केही दफाहरू वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दै अध्यादेशमार्फत खारेज गरिएको तथा उक्त कानुनी अवरोध हटेसँगै वास्तविक भूमिहीन नागरिकहरूको 'डिजिटल' लगत सङ्कलन, विवरण प्रमाणीकरण तथा स्पष्ट आधारमा अभिलेख तयार गर्ने कार्य प्रारम्भ गरिएको जानकारी पनि दिनुभएको छ।

उहाँले भन्नुभएको छ, "नेपाल सरकार स्पष्ट गर्न चाहन्छ कि चालिएका सम्पूर्ण कदम नागरिकहरूलाई हटाउने उद्देश्यले होइन, आवासको हक सुनिश्चित गर्दै समस्याको स्थायी समाधान निकाल्ने उद्देश्यले अगाडि बढाइएका हुन् । त्यसैले कुनै पनि प्रकारको भ्रममा नपर्न, अनावश्यक रूपमा नआत्तिन तथा अपुष्ट सूचना नफैलाउन सम्पूर्ण नागरिकमा अनुरोध गरिन्छ।"

साथै सो सन्देशमा प्रधानमन्त्री शाहले सरकार प्रत्येक भूमिहीन नागरिकको सुरक्षित, सम्मानजनक र स्थायी आवास सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी गराउँदै कुनै पनि नागरिक घरबारविहीन हुने अवस्था सिर्जना हुन नदिइने पनि स्पष्ट गर्नुभएको छ। रासस

# चुरे अभियानीको मेचीमहाकाली अभियान




**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी जेठ १ गतेदेखि मेचीमहाकाली जनजागरण एवं हस्ताक्षर अभियान यात्रा चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले सुरु गर्ने घोषणा गरेको छ।

चुरे र प्राकृतिक स्रोतको रक्षाका लागि निरन्तर सङ्घर्ष गर्दै आएको यस अभियानले चुरे क्षेत्रको विनाश रोक्न र राज्यलाई दबाब दिन देशव्यापी अभियान सञ्चालन गर्न लागेको बताइएको छ।

अभियानका अध्यक्ष सुनिल यादवले चुरे क्षेत्रमा भइरहेको अवैध उत्खनन, क्रसर उद्योगको मनपरी र वन विनाशले गर्दा तराई मधेशको भूमि मरुभूमीकरण हुने खतरा बढेकाले यो कदम चालिएको बताएका छन्।

अभियानको मुख्य माग र एजेन्डा चुरे क्षेत्रमा भइरहेको अवैध गिट्टीबालुवा उत्खनन र क्रसर उद्योगको नियन्त्रण। अतिक्रमित नदीनालाको सद्धक्षण । प्रदुषण नियन्त्रण, वनजङगलको फँडानी र जडीबुटीको अवैध दोहनमा रोक लगाउनु रहेको उनको भनाइ छ।

अध्यक्ष यादवले 'प्रकृति जोगाऔँ, भविष्य बचाऔँ' भन्ने मूल नाराका साथ सुरु हुने यस यात्राले तराई, पहाड र हिमालबीचको वातावरणीय सन्तुलन कायम राख्न राष्ट्रिय एकताको आह्वान गरेका छन्। उनले यस पदयात्रामा सहभागी हुन तराई मधेशका युवा, विद्यार्थी, जेन्जी पुस्ता, राजनीतिक दलका कार्यकर्ता, नागरिक समाज र सञ्चारकर्मीलाई अपील गरेका छन्।

यसअघि पनि यस अभियानले सप्तरीदेखि काठमाडौँसम्म पैदल यात्रा र माइतीघर मण्डलामा महिनौँसम्म धर्ना दिने जस्ता कार्यक्रम गरिसकेको छ।

# सिरहामा ६० हजार बालबालिकाको पोषण अवस्था मूल्याङ्कन गरिने



सिरहा । जिल्लामा मातृ तथा शिशु स्वास्थ्यलाई सुदृढ बनाउने लक्ष्यका साथ 'सुनौलो हजार दिनका आमाहरूसँग पाँच वर्षमुनिका बालबालिकाको समुदायस्तरमा पोषण लेखाजोखा कार्यक्रम' सुरु भएको छ । आइतबार लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले एक विशेष कार्यक्रमका बीच यस अभियानको औपचारिक उद्घाटन गर्नुभयो।

स्वास्थ्य मन्त्रालयको परिवार कल्याण महाशाखाअन्तर्गत पोषण शाखाको नेतृत्वमा वैशाख १५ देखि ३० गतेसम्म देशव्यापी रूपमा यो अभियान सञ्चालन भइरहेको छ। कार्यक्रमको मुख्य उद्देश्य ६ देखि ५९ महिनासम्मका बालबालिकामा शीघ्र कुपोषण पहिचान गरी समयमै उपचार सुनिश्चित गर्नुका साथै स्थानीय तहदेखि प्रदेशस्तरसम्म कुपोषणको जोखिम वर्गीकरण गरी आगामी योजना निर्माणको आधार तयार गर्नु हो।

उद्घाटन समारोहमा नगरप्रमुख चौधरीले 'सुनौलो हजार दिन'को महत्वबारे जोड दिँदै भन्नुभयो, "बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि पहिलो हजार दिन अत्यन्त महत्त्वपूर्ण हुन्छ। यस अवधिमा उचित पोषण सुनिश्चित गर्न सके स्वस्थ र सक्षम नागरिक निर्माण गर्न सकिन्छ।" उहाँले नगरपालिकाले गर्भवती तथा सुत्केरी महिलाका लागि मासिक रूपमा पोषण प्याकेज वितरण कार्यक्रम सञ्चालन गरिरहेको जानकारीसमेत दिनुभयो।

'हेलेन केलर इन्टरनेसनल'को आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय दलित विकास मञ्चमार्फत सिरहाका १७ वटै स्थानीय तहमा यो कार्यक्रम विस्तार गरिएको छ । हेलेन केलरका क्षेत्रीय सुपरीवेक्षक अमितराज साहले जिल्लाभरको लक्ष्यबारे जानकारी दिँदै भन्नुभयो, "सिरहामा हामीले करिब ६० हजार बालबालिका र १४ हजार गर्भवती महिलाको पोषण अवस्था लेखाजोखा गर्ने लक्ष्य राखेका छौँ। समुदायमै पुगेर गरिने यो मूल्याङ्कनले कुपोषणको वास्तविक अवस्था बाहिर ल्याउनेछ।"

साहका अनुसार नेपालमा कुपोषणको अवस्था पत्ता लगाउन प्रत्येक पाँच वर्षको अन्तरालमा स्वास्थ्य सर्वेक्षण हुँदै आएको भए पनि सन् २०२२ यता राष्ट्रियस्तरको अध्ययन हुनसकेको छैन।

दलित विकास मञ्चका कार्यकारी निर्देशक सञ्जय महराले अभियानका लागि जिल्लाभरका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक तालिम दिइसकेको जानकारी दिनुभयो। उहाँका अनुसार टोलीले टोलटोलमा पुगेर बालबालिकाको तौल, उचाइ र पोषण अवस्थाको स्क्रिनिङ गर्नेछन् र जटिल अवस्था देखिएमा तत्काल उपचारका लागि सन्दर्भ केन्द्रमा प्रेषण गरिनेछ। रासस

# नेपाल रेडक्रस सोसाइटीद्वारा युवा र महिलालाई नेतृत्वदायी भूमिकामा ल्याउन प्रोत्साहन

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीले पालिकादेखि केन्द्रसम्मको निर्वाचनमा नेतृत्वदायी भूमिकामा युवा र महिलाहरूलाई पुऱ्याउन प्रोत्साहन गरेको छ।

सोसाइटीले अध्यक्ष/सभापति/महामन्त्री/महासचिवलगायत प्रमुख पदमा सोसाइटीको सबै तहको नेतृत्वदायी भूमिकामा उनीहरुको सार्थक उपस्थितिका विशेष ध्यान दिएको हो। यसअन्तर्गत महिला र १८ देखि ३० वर्ष उमेर समूहका युवाले नेतृत्वदायी पदहरूमा उम्मेदवारी दिन प्रोत्साहन गर्दै उम्मेदवारी मनोनयन दर्ता निःशुल्क गरेको छ।

सोसाइटीको विधान २०२० (अठारौँ संशोधन २०८२ सहित) अनुसार संस्थामा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत रहने सुनिश्चित गरेको छ भने सोसाइटीको केन्द्रीयस्तरमा युवा रेडक्रस आयोग, प्रदेशस्तरमा प्रदेश युवा रेडक्रस समिति, जिल्लास्तरमा जिल्ला युवा रेडक्रस समिति र पालिकास्तरमा पालिका युवा रेडक्रस समिति रहने व्यवस्था रहेको छ।

विधानअनुसार २१ जनाको समिति रहने सोसाइटीको केन्द्रीय समितिमा एक जना महिला उपाध्यक्ष र पाँच जना महिला सदस्य रहने व्यवस्था गरिएको छ।

पन्ध्र जनाको समिति रहने प्रदेश समितिमा महिला उपाध्यक्ष एक जनासहित सदस्य तीन जनामहिला र युवा समितिबाट महिला एकसहित दुई जनाको सहभागिता रहने व्यवस्था छ।

सोसाइटीको जिल्ला शाखामा पनि १५ जनाको समिति रहने छ।रासस

# सुकुमवासीलाई मध्यपुरथिमि र चाँगुनारायणका दुई 'सेल्टर'मा आवास



भक्तपुर । काठमाण्डु उपत्यकाका विभिन्न सुकुम्वासी बस्तीबाट विस्थापित भएकाहरुलाई भक्तपुरको दुई 'सेल्टर'मा आश्रय दिएको छ।

भक्तपुरको खरिपाटीस्थित चाँगुनारायण नगरपालिकास्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्र र मध्यपुरथिमि नगरपालिकास्थित कृषि विकास तालिम केन्द्रको भवनमा सेल्टरका रुपमा अस्थायी बासस्थनको व्यवस्था गरिएको जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिनुभयो।

यहाँ ल्याइएका सुकुमवासीलाई खाने र बस्ने निःशुल्क व्यवस्था गरेको छ । खरिपाटीस्थित तालिम केन्द्रमा १४० जना सुकुमवासीलाई राखिएको छ भने यहाँ राखिएकाहरुलाई होस्टेलमा परिवार-परिवार छुटाएर फरक कोठामा राखिएको छ।

यसअघि कोरोना भाइरसको महामारीमा पहिलो पटक चीनबाट ल्याइएका नेपाली विद्यार्थीलाई सोही स्थानमा ४५ दिनसम्म राखिएको थियो । त्यसपछि कोरोना सङ्क्रमितलाई पनि राखिएको यस केन्द्रमा २५० जना अट्ने क्षमताको रहेको केन्द्रले जानकारी दिएको छ।

टेकु सुकुमवासी बस्तीबाट सरकारले आफूहरुलाई गाडीमा राखेर यहाँ पुऱ्याइएको बताउँदै केही सुकुमवासीले तत्काल भए पनि खानबस्न पाइरहेको बताए। यहाँ राखिएका सकुमवासीहरुको अवस्था बुझ्नका लागि प्रधानमन्त्री कार्यालयअन्तर्गतको सचिवालयको एउटा टोली आइतबार यहाँ आएको थियो।

त्यसैगरी, सरकारले ३९ जना सुकुमवासीलाई मध्यपुरथिमिको सिन्टिटारस्थित कृषि विकास बैङ्कको तालिम केन्द्रमा राखेको छ। उनीहरुको पनि आवास र खानाको व्यवस्था गरेको छ।

दुवै सेल्टरमा रहेका सुकुमवासीका लागि वाग्मती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापामगर र स्वास्थ्य सचिव डा सुमित्रा गौतमले तत्काल स्वास्थ्य सेवा पुऱ्याउन निर्देशन दिनुभएको छ।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख अञ्जना खड्काले आइतबार सरकारले सुकमवासी राखेको मध्यपुरथिमि र चाँगुनारायणको दुवै सेल्टरमा भक्तपुर अस्पतालको चिकित्सकसहितको टोलीले सामान्य स्वास्थ्य परीक्षण गरेको र आज दुवै सेल्टरमा स्वास्थ्य शिविर, औषधि वितरण र मनोपरामर्श सेवा उपलब्ध गराउने जानकारी दिनुभयो। रासस

# पूर्वतिर सर्दै हुरीबतासससहित भारी वर्षा गराउने प्रणाली, उपत्यकामा वर्षा हुँदै



काठमाण्डु। जल तथा मौसम विज्ञान विभागले हुरीबतासससहित भारी वर्षा गराउने प्रणाली पूर्वतिर सर्दै गरेको जनाएको छ । उक्त प्रणालीले उपत्यकासहित बागमती प्रदेश र मधेस प्रदेशका अधिकांश स्थानमा वर्षा हुन थालेको छ।

विभागका अनुसार हाल कर्णाली र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरूमा हुरीबतास र चट्याङसहित मध्यमसम्मको पानी परिरहेको छ । विभागका मौसमविद् सञ्जिव अधिकारीले पानी पार्ने प्रणाली पूर्वतिर सर्दै गइरहेको बताउनुभयो।

विभागले हाल देशभर सक्रिय मौसम प्रणालीका कारण हुरीबतास, मेघगर्जन र चट्याङसहित वर्षा हुने जनाएको छ। मौसमविद् अधिकारीका अनुसार सुदूरपश्चिमबाट सुरु भएको वर्षा प्रणाली लुम्बिनी हुँदै बागमती र मधेस प्रदेशसम्म फैलिसकेको छ । हुरीबतासको गति करिब ४० किलोमिटर प्रतिघण्टासम्म पुग्ने र केही स्थानमा करिब दुई घण्टासम्म यसको प्रभाव रहने छ।

आज विशेष गरी भारी वर्षाको सम्भावना रहेको र साँझपछि वर्षा केही कम हुने अनुमान गरिएको छ। यद्यपि, साताभर नै वर्षा गराउने प्रणाली सक्रिय रहने विभागले जनाएको छ।

हाल नेपालमा पश्चिमी वायु, स्थानीय वायु तथा पूर्वी भू-भाग नजिक तल्लो वायुमण्डलमा रहेको न्यून चापीय क्षेत्रको संयुक्त प्रभाव रहेको छ । साथै, नेपालको दक्षिणी भू-भाग हुँदै पूर्वदेखि पश्चिमसम्म फैलिएको न्यून चापीय रेखाले मौसममा प्रभाव पारिरहेको विभागले उल्लेख गरेको छ।

विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा पूर्ण बदली रहेको छ भने कोशी र कर्णाली प्रदेशका साथै लुम्बिनी प्रदेशको पश्चिमी क्षेत्र र हिमाली भू-भागमा सामान्य बदली रहेको छ। देशका पहाडी र तराई क्षेत्रका केही स्थानमा आंशिक बदली देखिएको छ । सुदूरपश्चिमका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा भइरहेको छ।

दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रहनेछ। सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका साथै हिमाली र पहाडी भू-भागका केही स्थानमा तथा तराईका थोरै स्थानमा मेघगर्जन, चट्याङ, हुरी र असिनासहित मध्यम वर्षाको सम्भावना रहेको छ। यी प्रदेशका एक-दुई स्थानमा भारी वर्षा हुन सक्ने विभागले जनाएको छ।

राति देशभर सामान्य बदली रहनेछ । पहाडी र हिमाली भू-भागका केही तथा तराईका थोरै स्थानमा मेघगर्जनसहित वर्षा हुने सम्भावना रहेको छ।

कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको छ भने अन्य प्रदेशका थोरै स्थानमा वर्षा हुन सक्छ । राति यी प्रदेशमा बदली रहने र केही स्थानमा मेघगर्जनसहित वर्षा हुने अनुमान गरिएको छ।

कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका साथै अन्य प्रदेशका पहाडी तथा हिमाली भू-भागमा बदली रहनेछ। ती क्षेत्रका केही स्थानमा मेघगर्जनसहित मध्यम वर्षा हुने सम्भावना छ भने तराईका केही स्थानमा हल्का वर्षा हुन सक्ने जनाइएको छ।

विभागले हुरीबतास, चट्याङ र सम्भावित भारी वर्षाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ। रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | शिक्षा तथा परीक्षामा अनुकूल परिणाम प्राप्त हुनेछ। |
| वृष : | बोलचालमा संयमता आवश्यक छ। |
| मिथुन : | वैदेशिक प्रयत्नमा सफलता मिल्नेछ। |
| कर्कट : | आर्थिक र धार्मिक गतिविधिमा उतार चढाव देखिन सक्छ। |
| सिंह : | परिवारको सहयोग प्राप्त हुनेछ । व्यापारिक क्षेत्र लाभदायक रहनेछ। |
| कन्या : | सम्पत्ति आर्जनको अवसर प्राप्त हुनेछ। |
| तुला : | आर्थिक कठिनाईको सामना गर्नुपरे पनि शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। |
| वृश्चिक : | विरोधीहरुको गतिविधि बढ्न सक्छन्, तर धैर्य अपनाउँदा स्थितिलाई नियन्त्रणमा ल्याउन सकिन्छ। |
| धनु : | धार्मिक विषयप्रति आकर्षण बढ्ने संकेत छन्। |
| मकर : | दीर्घकालिन योजना तत्काल नबनाउनु उपयुक्त हुन्छ। |
| कुम्भ: | शिक्षा, स्वास्थ्य र श्रमसम्बन्धी क्षेत्रमा सकारात्मक परिणाम प्राप्त हुनेछ। |
| मीन: | शिक्षा, स्वास्थ्य र राजनीतिक पक्ष स्थिर रहनेछन्। |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रहरीको सरुवा बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउन गृहसचिव श्रेष्ठको निर्देशन




काठमाण्डु । गृहसचिव राजकुमार श्रेष्ठले सङ्गठनभित्र पेसागत दक्षता, क्षमतालाई अभिवृद्धि गर्दै सरुवा, बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउनका लागि अग्रसर रहन निर्देशन दिनुभएको छ।

मन्त्रिपरिषद्को यही वैशाख १४ गतेको निर्णयले सशस्त्र प्रहरी महानिरीक्षक पदमा पदोन्नति हुनुभएका नारायणदत्त पौडेललाई आज मन्त्रालयमा आयोजित समारोहमा सशस्त्र प्रहरी महानिरीक्षकको दर्ज्यानी चिह्नबाट सु-शोभित गर्नुहुँदै उहाँले सो कुरा बताउनुभएको हो।

गृहसचिव श्रेष्ठले सङ्गठन सरुवा प्रणाली र वृत्तिविकास दुवैलाई प्रभावकारी रुपमा व्यवस्थित गरिएमा असन्तुष्टि र गुनासो कम हुने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले सशस्त्र प्रहरी बल नेपालले कार्यक्षेत्रमा सीमित स्रोतसाधनको बाबजुद उत्कृष्ट नतिजा आउने गरी कार्यसम्पादन गर्दै आइरहेको उल्लेख गर्नुभयो। गृहसचिव श्रेष्ठले आगामी मनसुनजन्य विपद्मा समेत सशस्त्र प्रहरी बल नेपाल पूर्वतयारीका साथ उद्धार, व्यवस्थापन तथा राहत कार्यमा जुट्न निर्देशन दिनुभयो।

त्यस अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले संविधान, कानुन, राष्ट्रिय हित, सङ्गठनको मर्यादा र जनअपेक्षालाई केन्द्रमा राख्दै इमान्दारिता, निष्ठा, निष्पक्षता र दृढ सङ्कल्पका साथ जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले आफ्नो कार्यकालमा सीमा सुरक्षालाई सबलीकरण गर्दै सङ्गठनको नीतिगत, संस्थागत र संरचनागत सुदृढीकरण गर्ने रणनीतिक कार्ययोजना तयार गरेको उल्लेख गर्नुभयो । उहाँले सो कार्यान्वयनका लागि नेपाल सरकार तथा गृहमन्त्रालयबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले नेपाल सरकारले जारी गरेको १०० बुँदे शासकीय सुधार योजना अनुसारको कार्यहरुको योजना तयार गरी सङ्गठनले प्रदान गर्ने सेवा प्रवाहलाई समयसापेक्ष र जनउत्तरदायी बनाउनेतर्फ प्रभावकारी कदम चालिने बताउनुभयो । समारोहमा प्रहरी महानिरीक्षक, अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, गृह मन्त्रालयका सहसचिवलगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृतहरुको उपस्थिति थियो।

**नवनियुक्त महानिरीक्षक पौडेलको परिचय**

सशस्त्र प्रहरी बल नेपालका नवनियुक्त महानिरीक्षक पौडेलले २०५४ सालमा नेपाल प्रहरीको प्रहरी निरीक्षकबाट सेवा सुरु गर्नुभएको थियो । उहाँ सशस्त्र प्रहरी बलमा २०५८ सालमा स्थान्तरण हुनुभएको थियो।

सुर्खेतको साबिक जर्बुटा गाविस वडा नं ५ निवासी पौडेलले स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ । उहाँले नेपाल प्रहरीबाट करियर प्रारम्भ गरी सशस्त्र प्रहरी बल नेपालमा स्थान्तरणपश्चात् विभिन्न महत्वपूर्ण जिम्मेवारीहरू सम्हाल्दै उत्कृष्ट नेतृत्व प्रदर्शन गर्नुभएको छ।

नेपाल प्रहरीमा रहँदा उहाँले रोल्पा 'स्ट्राइकिङ' टोली कमाण्डरका रुपमा तत्कालीन संवेदनशील सुरक्षा अवस्थामा प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्नुभएको थियो । साथै उहाँले इलाका प्रहरी कार्यालय बिर्तामोड, झापाको प्रमुख भई शान्ति सुव्यवस्थालगायत सेवा प्रवाहमा प्रभावकारी कार्यसम्पादन गर्नुभएको थियो।

त्यस्तै, सशस्त्र प्रहरी बलमा स्थानान्तरणपछि महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी नायब उपरीक्षक रहँदा सुरक्षा बेस तुल्सीपुर दाङमा प्रमुख रही शान्ति सुव्यवस्था कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले सशस्त्र प्रहरी उपरीक्षक दर्जामा सीमा सुरक्षा कार्यालय बर्दिया, नीलबाराही गण र बङ्गलामुखी विशेष कार्यदल गणको गणपति भई नेतृत्व प्रदान गर्नुभएको थियो।

पौडेलले सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकमा पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह वाहिनी पकली र सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बैद्यनाथ वाहिनीमा सहायक वाहिनीपतिका रुपमा उत्कृष्ट समन्वय र सहकार्य गरी उच्च व्यावसायिकता प्रदर्शन गर्नुभएको थियो।

सशस्त्र प्रहरी नायब निरीक्षक रहँदा वाहिनीपतिका रुपमा लुम्बिनी तथा गण्डकी प्रदेशस्थित वाहिनी मुख्यालयहरूमा नेतृत्व प्रदान गर्नुभएका उहाँले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक हुँदा मानवस्रोत, सीमा तथा कार्य विभागका विभागीय प्रमुखका रूपमा रणनीतिक तथा नीतिगत निर्माण र कार्यान्वयनमा अहम् भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले अन्तरराष्ट्रियस्तरमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना मिसनअन्तर्गत लाइबेरिया र कोसोभोमा करिब २५ महिना सफलतापूर्वक सेवा प्रदान गर्नुभएको थियो। रासस

## व्यवसायी भट्टलाई २४ घण्टाभित्र अदालतमा उपस्थित गराउन सर्वोच्चको आदेश




काठमाण्डु।सर्वोच्चअदालतले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा थुनामा रहेका व्यवसायी दीपक भट्टलाई २४ घण्टाभित्र अदालतमा उपस्थित गराउन आदेश गरेको छ।

न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले आज व्यवसायी भट्टकी पत्नी आयुस्मा नेपालले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक २४ घण्टाभित्र बन्दीसहित उपस्थित गराउन आदेश गरेको हो।

व्यवसायी भट्टकी श्रीमतीले यही वैशाख १८ गते काठमाडौँ जिल्ला अदालत, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र महानगरीय प्रहरी प्रभाग सानेपालाई विपक्षी बनाएर सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो।

"यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ?", आदेशमा भनिएको छ, "आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत उल्लेख गरी यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक २४ घण्टाभित्र बन्दीसहित उपस्थित गराइ महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू।"

आदेशमा अनुसन्धान भइरहेको मिसिल फाइलको एक/एकप्रति पेसीकै दिन ल्याएर फिर्ता लैजाने गरी महान्यायाधिवक्ता कार्यालयमार्फत झिकाउन भनिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धानमा अध्यागमन विभागले यही चैत १७ गते व्यवसायी भट्टलाई कालोसूचीमा राखेको थियो।

विभागले अध्यागमन विभागलाई पत्र पठाएर व्यापारी भट्टको पासपोर्ट रोक्का राख्नसमेत अनुरोध गरेको थियो । सोही प्रकरणमा भट्टलाई प्रहरीले पक्राउ गरेको थियो भने जिल्ला अदालत काठमाडौँले थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो। रासस

## गोल्छालाई धरौटीमा छाड्न सर्वोच्चको आदेश



काठमाण्डु। व्यवसायी शेखर गोल्छालाई धरौटी वा जमानतमा छाड्न सर्वोच्च अदालतले आदेश दिएको छ।

शेखर गोल्छाकी पत्नी सीमा गोल्छाले दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले उनलाई धरौटीमा छाड्न आदेश दिएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय न्यायाधीश महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको संयुक्त इजलासले धरौटीमा छाड्न आदेश दिएको छ।

उनलाई धरौटी वा जमानतमा नै छाड्न सकिने अवस्था हुँदा अनुसन्धान अधिकारीले थुनामा राख्न अनुमति लिएको भन्दै त्यसको प्रक्रिया नै खारेज गरेको हो।

नेपाल धितोपत्र बोर्डको छानबिन प्रतिवेदनका आधारमा थप अनुसन्धान गर्न भन्दै उनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो(सीआईबी)ले गत वैशाख ११ गते पक्राउ गरेको थियो।

## सार्वजनिक सेवा प्रसारण नेपालद्वारा पहिलो वार्षिक प्रतिवेदन पेश



काठमाण्डु । सार्वजनिक सेवा प्रसारण नेपालले आफ्नो पहिलो वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गरेको छ। सार्वजनिक सेवा प्रसारण नेपालका सञ्चालक समिति अध्यक्ष डा महेन्द्र विष्टले आइतबार सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष उक्त प्रतिवेदन पेश गर्नुभएको छ।

सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को व्यवस्थाअनुसार सार्वजनिक सेवा प्रसारण संस्थाले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने प्रावधान रहेको छ। साथै, उक्त प्रतिवेदन सरकारले सङ्घीय संसद्को सम्बन्धित समितिमा पेश गर्नुपर्ने व्यवस्था पनि ऐनमा उल्लेख गरिएको छ।

प्रतिवेदन पेस गर्दै अध्यक्ष विष्टले नेपाल टेलिभिजन र रेडियो नेपालको वर्तमान अवस्था, प्राविधिक क्षमता, संगठनात्मक संरचना, प्रसारण प्रणाली, वित्तीय अवस्था, हालसम्म गरिएका सुधारका प्रयास, विद्यमान चुनौती तथा आगामी कार्ययोजनालगायतका विषय समेटिएको जानकारी दिनुभयो। रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएपछि गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी सामग्रीमार्फत जनउत्तरदायी प्रसारण सेवा प्रवाह गर्ने उद्देश्यका साथ संस्थाले आफ्ना गतिविधिलाई अगाडि बढाइरहेको उहाँको भनाइ छ।

प्रतिवेदन ग्रहण गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री तिमिल्सिनाले सार्वजनिक सेवा प्रसारण संस्थाको सुदृढीकरणका लागि भएका प्रयासप्रति धन्यवाद व्यक्त गर्दै प्रतिवेदन अध्ययन गरी त्यसमा समेटिएका सुझाव कार्यान्वयनमा ल्याइने बताउनुभयो।

साथै, विभिन्न सार्वजनिक संस्थामा लामो समयदेखि विद्यमान समस्यालाई जरैदेखि समाधान गर्न आवश्यक रहेको उल्लेख गर्दै संस्थागत सुधारका लागि आधारभूत तहबाटै पुनःसंरचना आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

सार्वजनिक सेवा प्रसारण संस्थाले २०८२ चैत मसान्तसम्म सम्पन्न गरेका प्रमुख गतिविधि, लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित मुख्य विषय तथा संस्थाको समग्र प्रगतिसम्बन्धी विवरण प्रतिवेदनमा समावेस गरिएको छ । उक्त प्रतिवेदन संस्थाको वैशाख ९ गते बसेको सञ्चालक समिति बैठकबाट स्वीकृत गरिएको थियो । मन्त्रालयमा आयोजित कार्यक्रममा सञ्चार मन्त्रालका सचिव लक्ष्मीकुमारी बस्नेत, सञ्चालक समिति सदस्यहरू गौरव गिरी, अनिता गुरुङलगायतको उपस्थिति रहेको थियो। रासस

## उपराष्ट्रपति यादवसँग युरोपेली संघका राजदूतको शिष्टाचार भेट



काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग युरोपेली सङ्घका राजदूत भेरोनिक लोरेन्जोले सोमबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

आज भएको भेटमा शुभकामना आदानप्रदान पश्चात द्विपक्षीय सम्बन्धका विविध आयाममा विचार-विमर्श भएको थियो।

उपराष्ट्रपति यादवले नेपाल-युरोपेली सङ्घबीच सन् १९७४ देखि कायम रहेको सौहार्दपूर्ण एवं मैत्रीपूर्ण सम्बन्धप्रति सन्तोष व्यक्त गर्दै नेपालले ईयूसँगको साझेदारीलाई उच्च महत्व दिँदै आएको बताउनुभयो । उहाँले स्वास्थ्य, शिक्षा, ऊर्जा तथा ग्रामीण विकासका क्षेत्रमा ईयू समर्थित कार्यक्रमहरू नेपालका लागि उपयोगी भएको उल्लेख गर्दै आगामी दिनमा उत्पादनशील क्षेत्रहरूमा सहयोगको दायरा विस्तार हुने विश्वास व्यक्त गर्नुभयो।

विशेषगरी कर्णाली प्रदेशमा ईयू सहयोगअन्तर्गत आयोजनाले दुर्गम क्षेत्रका नागरिकलाई लाभान्वित गरेकोमा खुसी व्यक्त गर्दै उपराष्ट्रपति यादवले लोकतन्त्र, स्वतन्त्रता र बहुपक्षीयता जस्ता साझा मूल्यमा नेपाल-ईयूको विश्वासलाई जोड दिनुभयो।

महामारी, जलवायु परिवर्तनलगायत विश्वव्यापी चुनौतीहरूलाई सामना गर्न बहुपक्षीय सहकार्य अपरिहार्य भएको उल्लेख गर्दै उहाँले थप सहकार्यका लागि नेपाल तत्पर रहेको बताउनुभयो । उपराष्ट्रपति यादवले सरकारले १०० बुँदे कार्ययोजनामार्फत सुशासन, पारदर्शिता र प्रभावकारी सार्वजनिक सेवा प्रवाहलाई प्राथमिकतामा राखेको र तीव्र आर्थिक वृद्धिमा विशेष जोड दिएको जानकारी दिनुभयो । रोजगारी सिर्जना, पूर्वाधार सुधार तथा प्रतिव्यक्त आय वृद्धि गर्ने लक्ष्यसहित पर्यटन, जलविद्युत्, पूर्वाधार तथा सूचना प्रविधिलाई आर्थिक वृद्धिका सम्भावित क्षेत्रका रूपमा पहिचान गरिएको बताउँदै उहाँले यस यात्रामा ईयू नेपालका लागि भरपर्दो साझेदार बन्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल र युरोपबीच सीधा हवाई सम्पर्क स्थापना गरी युरोपेली पर्यटकलाई स्वागत गर्ने नेपाल सरकारको चाहना रहेको उल्लेख गर्दै उहाँले युरोपमा नेपालका वायुसेवामाथि लगाइएको प्रतिबन्ध हटाउन रचनात्मक सहयोगको आवश्यकता औंल्याउनुभयो। अन्त्यमा उपराष्ट्रपति यादवले आगामी 'युरोप-डे' को अवसरमा युरोपेली सङ्घका सदस्य राष्ट्रका जनताको सुख, शान्ति र समृद्धिको लागि शुभकामना व्यक्त गर्नुभयो।

राजदूत लोरेन्जोले नेपाल-ईयू सम्बन्धलाई अझ सुदृढ बनाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भारतको नयाँ दिल्लीस्थित ईयू अन्तर्गतका २२ मुलुकका राजदूतहरुले मे २५-२६ सम्म नेपालको भ्रमण गर्ने जानकारी दिनुभयो । उहाँले ईयू-नेपाल बिजनेस फोरमको आयोजना गर्ने तयारी भइरहेको समेत बताउनुभयो। रासस

## दुईदिने सार्वजनिक बिदाः पोखराको पर्यटनमा सकारात्मक प्रभाव



गण्डकी । सरकारले शनिबार र आइतबार हप्तामा दुई दिन सार्वजनिक बिदा दिएसँगै पर्यटकीय राजधानी पोखराको पर्यटनमा सकारात्मक प्रभाव पारेको छ।

दुईदिने बिदाका कारण पोखराका होटेलमा विगतको तुलनामा १० प्रतिशत पर्यटकहरू बढेको होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो। पोखरामा विशेषगरी आन्तरिक पर्यटकको चहलपहल बढेको र यस समयमा क्षमताको १० प्रतिशत थप पर्यटकहरू बढिरहेको उहाँले जानकारी दिनुभयो।

"सामान्यतः दुईदिने बिदाका कारण आन्तरिक पर्यटकहरू दुई दिन पोखरामा बिताएर फर्कने गरेका छन्", उहाँले भन्नुभयो, "यसले समग्र पोखराको पर्यटनलाई चलायमान बनाउन महत्वपूर्ण सहयोग पुऱ्याएको छ।"

पोखरा आउने पर्यटकहरू पोखराको फेवातालसहित लेखनाथ क्षेत्रका तालहरूमा घुमफिर, जलविहार गर्नाका साथै साहसिक पर्यटनका गतविधिहरू प्याराग्लाइडिङ, बञ्जीजम्प, जिपलाइन आदिमा रमाउने गरेका छन्।

पोखरामा रहेका धार्मिक पर्यटकीय तीर्थस्थलहरू विन्ध्यवासिनी, तालबाराही, पुम्दीकोट, गुप्तेश्वर महादेव गुफा, विश्व शान्ति स्तूप आदिमा पुग्ने गरेका छन् भने अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय, महेन्द्र गुफा, चमेरे गुफा, गुप्तेश्वर महादेव गुफा आदिको अवलोकन गर्ने गरेका छन्।

आन्तरिक पर्यटन बढाउनका लागि सङ्घले यसअघि पटकपटक दुईदिने बिदाको विषय समेत उठाएको बताउँदै उहाँले यसले पोखराको मात्र नभई समग्र देशको पर्यटनमा टेवा पुगेको धारणा राख्नुभयो।

पोखराको पर्यटनमा विशेषगरी फागुन, चैत र वैशाख तथा असोज, कात्तिक र मङ्सिरलाई मुख्य पर्यटकीय यामका रुपमा लिने गरिएको छ । वर्तमानमा होटेलहरूको क्षमताको करिब ६० प्रतिशत भरिभराउ भइरहेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो।

पोखराको समग्र पर्यटनमा भएको आठ खर्ब लगानीमध्ये छ खर्ब लगानी यहाँका होटेलमा रहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार करिब एक हजार २०० को संख्यामा होटेलहरू रहेको पोखराले दिनमा ४० हजार जनासम्म पर्यटक राख्न सक्छ। रासस

## रसुवाको नौकुण्ड गाउँपालिकामा चारवटा पक्की पुल निर्माण




रसुवा । दक्षिणी रसुवाको नौकुण्ड गाउँपालिकाका विभिन्न चार स्थानमा पक्की पुल निर्माण गरिएको छ।

गाउँपालिका अन्तर्गतको घिचेत खोला, फलाखु खोला र पङ्गु र पाहा खोलामा पक्की पुल निर्माण गरिएका हुन् । पुल निर्माणपछि गाउँपालिकाका सबै वडाका नागरिकलाई हिउँद तथा वर्षा दुवै याममा सहज यातायात सुविधा पुगेको गाउँपालिका अध्यक्ष नुर्पु साङ्बो घलेले जानकारी दिनुभयो।

चारवटा पुल निर्माणका लागि करिब २४ करोड रुपैयाँ खर्च भएको छ । साथै दनुस्वारा खोला र पुत्लामा थप दुई पुल निर्माणका लागि ठेक्का प्रक्रिया अगाडि बढाइएको छ। प्राविधिक लागतअनुसार ती पुल निर्माण सम्पन्न गर्न करिब १२ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

त्यसैगरी नौकुण्ड गाउँपालिकामा सडक सञ्जालसमेत विस्तार गरिएका छन् । सडक सञ्जाल विस्तार गरेसँगै दैनिक उपभोग्य सामग्री ढुवानी, नियमित बस सेवा सञ्चालन तथा बिरामीलाई एम्बुलेन्समार्फत अस्पताल लैजाने व्यवस्था सहज बनेको स्थानीय समाजसेवी छेसाङ दावा तामाङले बताउनुभयो।

गाउँपालिकाले आफ्नो इलाकाक्षेत्रको ग्रामीण बस्तीमा हालसम्म ७४ किलोमिटर ग्रामीण सडक निर्माण गरिसकेको छ । यसबाट खाल्चेत, चित्ती, ठुलोभोर्ले, सिस्नेरी, बेताङ, सरसिउ, दारघारी, सरमथली, दनुस्वारा, पाटीखर्क, पारच्याङ, युव्रा, गाङ्मर, यार्सा, घोर्मु, आरुखर्क, लाङ्वु, थाङ्दोर, सिङ्वन्धि र चोरेचोलगायतका गाउँमा यातायात सुविधा पुगेको छ। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# उपभोक्ता समितिलाई निरन्तरता

विकास निर्माण लगायतका कार्यहरु उपभोक्ता समिति मार्फत गर्ने प्रावधानले आर्थिक अनियमितता बढेको यथार्थ चर्चा देशैभरि भइरहेको छ ।मधेश प्रदेश लगायतका प्रदेश सरकारहरुले उपभोक्ता समिति मार्फत कार्य गर्दा बदनामी हुने भएकाले पटक-पटक सोझै टेण्डर वा कोटेशन मार्फत काम गर्ने निर्णय पनि गरेको छ ।प्रदेश सरकारले उपभोक्ता समिति मार्फत गरिने कार्य बन्द गर्न बिभिन्न निकायहरुले दबाब पनि दिने गरेका छन् ।तर सरकारहरुले उपभोक्ता समितिलाई कमाउको ठूलो स्रोत मानेको छ ।प्रदेशमा उपभोक्ता समितिको विरोध भइरहेको बेला सुशासनका लागि कार्यरत संघीय सरकारले उपभोक्ता समिति मार्फत कार्य गर्ने मार्गलाई निरन्तरता दिएको छ ।सरकारले अध्यादेश मार्फत संशोधन गरेको खरिद ऐनको दफा १८ मा पूर्वमा रहेको दफा ४४ लाई संशोधन गरिएको उल्लेख छ । सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ राजपत्रमा प्रकाशित हुँदा पुनः उपभोक्ता समितिलाई निरन्तरता दिने प्रावधान समावेश गरिएको छ ।' दफा १८ मा भनिएको छ - मूल ऐनको दफा ४४ मा संशोधन, मूल ऐनको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ -'उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउन सकिने, 'तोकिए बमोजिम लागत अनुमान भएको देहाय बमोजिमको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुहबाट गराउन सकिने छ ।'उपभोक्ता समितिको कारण विकास निर्माणको कार्यमा व्यापक बेथिति देखिएको छ ।उपभोक्ता समितिको नाममा कागजमा काम देखिए पनि त्यो काम ठेकेदार मार्फत हुने गरेको छ ।उपभोक्ता समिति मार्फत कार्य हुँदा उपभोक्ताले लगानी गर्नुपर्ने श्रमदान बराबरको रकम, उपभोक्ता समितिलाई कम्तीमा १० प्रतिशत कमिसन, मूल्यांकन गर्ने प्राविधिकलाई १० प्रतिशत कमिसन र योजना दिनेलाई १० प्रतिशत कमिसन अनिवार्य रुपमा दिनुपर्ने व्यवहार छ ।योजना उपलब्ध गराउने सांसद, मन्त्री अथवा अन्य नेताले १० प्रतिशत रकम अग्रिम रुपमा नै लिने गरेका छन् ।कमिसन नै धेरै बाँड्नु पर्ने भएकाले काम कमसल हुने, कम कामको बढी मूल्यांकन गरिने लगायतका समस्याहरु आउने गरेको छ ।उपभोक्ता मार्फत काम भएकाहरुमा अत्यधिक उजुरी नियामक निकायहरुमा पर्ने गरेको छ ।उपभोक्ता समितिका कयौं पदाधिकारीहरु अदालत धाउनु परिरहेको छ ।तर काम गर्ने ठेकेदार त्यो सबै समस्या भन्दा अलग रहन्छन् ।प्राविधिक परे पनि योजना बेच्ने र काम सम्पन्न गर्ने कारबाहीको दायरा भन्दा अलग रहने गरेका छन् । धेरै चरणमा कमिसन वितरण गर्नुपर्ने भएकोले उपभोक्ता मार्फतको कार्यमा आर्थिक अनियमितता व्यापक हुने गरेको छ ।त्यसकारण उपभोक्ता समितिलाई विस्थापितगरी टेण्डर, कोटेशनको मार्फत समयमै काम गरे परिणाममुखी हुनेछ ।उपभोक्ता मार्फत हुने कार्य आर्थिक वर्षको अन्तिममा हुने भएकाले पनि कमसल र अनियमितता हुने गरेको छ ।

# मानव अधिकारका लागिलोकतन्त्रको चौथो स्तम्भ किन महत्त्वपूर्ण छ?



डा.केदार कार्की

चाहे तपाईं उसलाई कलमको सिपाही भन्नुहोस्, सत्यको रक्षक भन्नुहोस्, वा हतियार बिना, सत्तामा रहेका शक्तिहरूको परीक्षा लिने योद्धा भन्नुहोस्, ऊ पत्रकार हो। पत्रकारले केवल समाचार लेख्दैन; उसले समाजको नाडीलाई आवाज दिन्छ। उसले नदेखिने कुरालाई प्रकाशमा ल्याउँछ र लुकेको कुरालाई उजागर गर्छ। त्यसैले प्रेसलाई लोकतन्त्रको चौथो स्तम्भ भनिन्छ।

लोकतन्त्रमा, मिडिया (प्रेस) लाई चौथो अंग भनिन्छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका पछि, यो जीवन्त, पारदर्शी र जवाफदेही लोकतन्त्र कायम राख्नको लागि सबैभन्दा आवश्यक अंग हो। मानव अधिकारको संरक्षणको लागि चौथो अंग महत्त्वपूर्ण छ, किनकि यसले शक्तिको दुरुपयोग रोक्न र नागरिक स्वतन्त्रताको रक्षा गर्न पहरेदारको रूपमा काम गर्दछ।

आज पनि पत्रकारहरू समाजलाई एकताबद्ध गर्ने काम गर्छन्। जात, धर्म र सम्प्रदायले सिर्जना गरेको विभाजनलाई कम गर्न मिडियाले महत्वपूर्ण भूमिका खेलेको छ। जब घृणा फैलिन्छ, जिम्मेवार पत्रकारिताले सत्यलाई उजागर गरेर सन्तुलन गर्ने प्रयास गर्छ, तर यो काम सजिलो हुँदैन। पत्रकारहरूले प्रायः दबाब, धम्की र सेन्सरशिपको सामना गर्छन्। सत्य प्रकट नहोस् भन्ने चाहने शक्तिहरू पनि हुन्छन्। यस्तो परिस्थितिमा प्रेस स्वतन्त्रता खतरामा पर्छ।

यसैले समय-समयमा प्रेस स्वतन्त्रताको माग उठ्दै आएको छ। यसलाई ध्यानमा राख्दै, अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस प्रत्येक वर्ष मे ३ मा मनाइन्छ। यो १९९३ मा सुरु भएको थियो जब स्वतन्त्र र निष्पक्ष पत्रकारितालाई समर्थन गर्ने आवश्यकतालाई विश्वव्यापी रूपमा मान्यता दिइएको थियो। यो दिन केवल औपचारिकता मात्र होइन, तर सरकार र समाजलाई प्रेस स्वतन्त्रताको सम्मान गर्ने महत्त्वको सम्झना गराउने अवसर हो।

यो दिवस मनाउनुको मुख्य उद्देश्य प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्तहरूको सम्मान गर्नु र विश्वभर स्वतन्त्र र निष्पक्ष मिडियाको महत्त्वको बारेमा जागरूकता जगाउनु हो। यो दिन संयुक्त राष्ट्र संघले १९९३ मा १९९१ को विन्डहोक घोषणापत्रबाट प्रेरित भएर स्थापना गरेको थियो। विश्व प्रेस स्वतन्त्रता दिवसले पत्रकारहरूको पूर्वाग्रह वा दबाब बिना काम गर्ने स्वतन्त्रतालाई जोड दिन्छ।

यस वर्षको विषयवस्तु, "शान्तिमा भविष्य निर्माणः मानव अधिकार, विकास र सुरक्षाको लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन,"केवल टाढाको शैक्षिक अवधारणा मात्र होइन; मिडियाको लागि, यो हाम्रो दैनिक अस्तित्वको कुरा गर्ने जनादेश हो। यसले हामीलाई यो पहिचान गर्न चुनौती दिन्छ कि पत्रकारको सुरक्षा राज्यको स्थिरतासँग अभिन्न रूपमा जोडिएको छ, र शान्ति आफैंमा एक कमजोर संरचना हो जुन जबरजस्ती मौनताको जगमा टिकाउन सकिँदैन।

प्रेस कुनै पनि समाजको ऐना हो। ऐना सफा भयो भने तस्बिर पनि स्पष्ट देखिने हुन्छ तर त्यसमाथि कुहिरो वा पर्दा लगाएमा सत्य धमिलो हुन्छ। त्यसैगरी प्रेस स्वतन्त्र भएन भने सही सूचना जनतामा पुग्दैन। जब जानकारी अपूर्ण वा गलत छ, निर्णय पनि गलत हुन सक्छ। त्यसैले प्रेस स्वतन्त्रता आम नागरिकको स्वतन्त्रतासँग प्रत्यक्ष जोडिएको हुन्छ। आजको डिजिटल युगमा पत्रकारिताको स्वरुप परिवर्तन हुँदैछ। सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्मले सबैलाई आफ्नो विचार व्यक्त गर्ने अवसर दिएको छ। यो सकारात्मक परिवर्तन हो, तर यसमा चुनौतीहरू पनि आउँछन्। झुटा समाचार, अफवाह र अधूरो जानकारी छिटो फैलिन्छ। यस्तो अवस्थामा जिम्मेवार र स्वतन्त्र पत्रकारिताको आवश्यकता पहिलेभन्दा बढेको छ। वास्तविक पत्रकार त्यो हो जसले सत्यतथ्य जाँच्छ, निष्पक्ष रहन्छ र बिना दबाब सत्यलाई बाहिर ल्याउँछ।

शान्ति निर्माण र आन्तरिक सुरक्षाको जटिलतामा गुज्रिरहेको राष्ट्रमा, दबिएको प्रेस गहिरो दायित्व हो। जब पत्रकारहरूलाई मौनतामा धम्की दिइन्छ, क्षति व्यावसायिक घेराभन्दा धेरै टाढा फैलिन्छ। सत्यको दमनले विश्वसनीय जानकारीको शून्यता सिर्जना गर्छ, र त्यो शून्यतामा, सार्वजनिक विश्वास हराउँछ, संस्थाहरू खोक्रो हुन्छन्, र गलत सूचना र द्वन्द्व फैलाउनेहरूले कब्जा जमाउँछन्।

यो वास्तविकताले हाम्रा नेताहरू र हाम्रा नागरिकहरूमा एउटा आधारभूत प्रश्न खडा गर्छ। जनतालाई जानकारी दिने जिम्मेवारी पाएकाहरूले स्थायी रूपमा डरको अवस्थामा काम गर्नुपर्छ भने हामी कसरी शान्तिपूर्ण भविष्य निर्माण गर्न सक्छौं? उत्तर स्वतः स्पष्ट छ; हामी सक्दैनौं। प्रेस स्वतन्त्रता शान्ति निर्माणको आधारशिला हो किनभने स्वतन्त्र मिडियाले पारदर्शिता प्रदान गर्दछ जसले जवाफदेही हुने शक्ति राख्छ र संवादको लागि प्लेटफर्म प्रदान गर्दछ जसले द्वन्द्व सुरु हुनुभन्दा पहिले नै रोक्छ। यसले सुनिश्चित गर्दछ कि गुनासोहरू अँध्यारोमा जल्न छोड्नुको सट्टा दिनको उज्यालोमा प्रसारित हुन्छन्। जहाँ प्रेसलाई बाध्य पारिन्छ, अन्याय फस्टाउन दिन्छ, र जहाँ अन्याय फस्टाउँछ, त्यहाँ स्थायी शान्ति प्राप्त गर्न असम्भव छ।

कठिन वातावरणको अग्रपंक्तिदेखि भ्रष्टाचारको पर्दाफास गर्ने अनुसन्धान डेस्कसम्म, हाम्रा सहकर्मीहरूले साना पेशाहरूलाई तोड्ने परिस्थितिहरूमा व्यावसायिक नैतिकतालाई समर्थन गर्छन्। उनीहरूको बहादुरी हाम्रो मिडिया परिदृश्यको एक परिभाषित विशेषता हो, तर यो कहिल्यै बाँच्नको लागि पूर्वशर्त हुनु हुँदैन।

परिवर्तनको दायित्व सामूहिक हो र वार्षिक भाषण वा फुर्तिलो कुराहरू भन्दा बढी आवश्यक पर्दछ। सरकारले समर्थनको बयानबाजीभन्दा बाहिर जानुपर्छ र पत्रकारहरूलाई लक्षित गर्नेहरूका लागि वास्तविक, न्यायिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ, जबकि व्यवस्थापिकाले राष्ट्रिय सुरक्षाको आडमा वैध अनुसन्धानलाई दण्डित गर्न हाल हतियार बनाइएका कानूनहरूलाई तुरुन्तै सुधार गर्नुपर्छ।

तर आज, सबैभन्दा ठूलो चिन्ताको विषय के छ भने सत्य उजागर गर्ने पत्रकारहरू आफैं असुरक्षित बन्दै गएका छन्। विश्वभरि, पत्रकारहरूलाई धम्की दिइन्छ, आक्रमण गरिन्छ, उनीहरूमाथि झूटा मुद्दा दायर गरिन्छ र कहिलेकाहीं हत्या पनि गरिन्छ। भारतमा पनि यस्ता घटनाहरू बढ्दै गएका छन्। भ्रष्टाचार, अपराध र शक्तिको दुरुपयोग उजागर गर्दै धेरै पत्रकारहरूले आफ्नो ज्यान गुमाएका छन्। यो अवस्थालाई कुनै पनि लोकतन्त्रको लागि राम्रो संकेत मान्न सकिँदैन।

जब पत्रकारहरूले कुनै घोटाला, अन्याय, अपराध वा जनविरोधी नीतिको उजागर गर्छन्, तिनीहरूले समाचार मात्र रिपोर्ट गर्दैनन् तर समाजलाई सत्यको बारेमा पनि जानकारी गराउँछन्। उनीहरूको काम सार्वजनिक अधिकारको रक्षा गर्नु हो। यदि पत्रकारहरूलाई धम्की दिइयो र मौन राखियो भने, सत्य समाजमा कसरी पुग्नेछ? त्यसकारण, पत्रकारहरूको सुरक्षा केवल पत्रकारिताको मुद्दा मात्र होइन, तर जनताको जान्ने अधिकारको मुद्दा हो।

आज, सरकारको आलोचना गर्ने मिडिया आउटलेटहरूमा प्रायः छापा मारिन्छ, अनुसन्धान एजेन्सीहरूद्वारा दबाब दिइन्छ, विज्ञापन मार्फत आर्थिक दबाब दिइन्छ, र असहमत आवाजहरूलाई कमजोर पार्ने प्रयास गरिन्छ। यो प्रवृत्ति लोकतन्त्रको लागि हानिकारक छ। सरकारले आलोचना सहन सक्षम हुनुपर्छ, किनकि आलोचना नै लोकतन्त्रलाई स्वस्थ बनाउँछ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ ले पनि विचार र अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारको रूपमा मान्यता दिएको छ।

> नेपालको संविधानले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ ले पनि विचार र अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारको रुपमा मान्यता दिएको छ। त्यसैले, प्रेस स्वतन्त्रतामाथिको आक्रमण नागरिक स्वतन्त्रतामाथिको प्रत्यक्ष आक्रमण हो। यदि मिडिया स्वतन्त्र छैन भने, सही जानकारी जनतामा पुग्न सक्दैन, जसले गर्दा भ्रम, भय र प्रचारको वातावरण सिर्जना हुन्छ।

त्यसैले, प्रेस स्वतन्त्रतामाथिको आक्रमण नागरिक स्वतन्त्रतामाथिको प्रत्यक्ष आक्रमण हो। यदि मिडिया स्वतन्त्र छैन भने, सही जानकारी जनतामा पुग्न सक्दैन, जसले गर्दा भ्रम, भय र प्रचारको वातावरण सिर्जना हुन्छ।

विश्व प्रेस स्वतन्त्रता दिवसले प्रेसलाई "लोकतन्त्रको चौथो स्तम्भ" भन्नु मात्र पर्याप्त हुँदैन भन्ने तथ्यलाई मनन गर्ने अवसर प्रदान गर्दछ। पत्रकारहरूलाई कानुनी सुरक्षा, सुरक्षित कार्य वातावरण र निष्पक्ष संस्थागत सुरक्षा प्रदान गरिनुपर्छ। संवेदनशील क्षेत्रमा काम गर्ने पत्रकारहरूले निर्भयतापूर्वक आफ्नो कर्तव्य पूरा गर्न सकून् भनेर पत्रकार संरक्षण कानून लागू गरिनुपर्छ।

मिडियाले पनि आफ्नो जिम्मेवारी बुझ्नुपर्छ। पत्रकारिताको आधारभूत सिद्धान्त सत्य, निष्पक्षता र सार्वजनिक हित हो। यदि मिडिया आफैंले पूर्वाग्रह, सनसनीपूर्णता र कर्पोरेट दबाबमा काम गर्छ भने, यसको विश्वसनीयता कमजोर हुनेछ। त्यसैले, मिडिया संस्थाहरूले आत्म-नियन्त्रण, नैतिकता र तथ्यात्मकतालाई प्राथमिकता दिनुपर्छ।

आज, सामाजिक सञ्जाल र नक्कली समाचारको युगमा, स्वतन्त्र र जिम्मेवार पत्रकारिताको आवश्यकता पहिलेभन्दा बढी छ। गलत सूचना र अफवाहहरूको भीडको बीचमा, तथ्यमा आधारित र निडरतापूर्वक सत्य बोल्ने मिडियाले मात्र समाजलाई मार्गदर्शन गर्न सक्छ। आजको युगमा सूचना प्रविधिले पत्रकारिताको अर्थ नै परिवर्तन गरिदिएको छ। छापा माध्यम र टेलिभिजनसँगै डिजिटल माध्यम र सामाजिक सञ्जालको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण भएको छ। आँखा झिम्क्याएर संसारमा सूचना पुग्दा, नक्कली समाचार र गलत सूचनाको खतरा पनि बढेको छ। आज पत्रकारको चुनौती भनेको रिपोर्ट गर्नु मात्र होइन, यसको प्रामाणिकता प्रमाणित गर्नु पनि हो।

हाल, प्रेस स्वतन्त्रताले धेरै खतराहरूको सामना गरिरहेको छ। पत्रकारहरूले युद्ध क्षेत्र वा द्वन्द्वग्रस्त क्षेत्रहरूमा मात्र नभई भ्रष्टाचार र संगठित अपराधको पर्दाफास गरेकोमा धम्की, मुद्दा र शारीरिक आक्रमणको पनि सामना गर्छन्। धेरै देशहरूमा, सेन्सरशिप र कडा कानूनहरू मार्फत पत्रकारहरूको आवाज दबाउने प्रयास गरिन्छ। यसबाहेक, आर्थिक दबाब र विज्ञापनमा निर्भरताले कहिलेकाहीं पत्रकारिताको वस्तुनिष्ठतालाई सम्झौता गर्छ।

विश्व प्रेस स्वतन्त्रता दिवसमा, हामीले सत्यको खोजीमा आफ्नो जीवन बलिदान दिने साहसी पत्रकारहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुपर्छ। हामीले प्रेस स्वतन्त्रताको रक्षा गर्ने, पत्रकारहरूको सुरक्षा सुनिश्चित गर्ने र लोकतन्त्रको यो अमूल्य शक्तिलाई कमजोर नपार्ने कुरा सुनिश्चित गर्ने प्रतिज्ञा पनि गर्नुपर्छ। किनभने जब मिडिया स्वतन्त्र हुन्छ, जनता बलियो हुन्छ; जब जनता बलियो हुन्छ, लोकतन्त्र सुरक्षित हुन्छ। त्यसकारण, आजको सबैभन्दा ठूलो आवश्यकता स्वतन्त्र, निष्पक्ष र निडर मिडिया हो।

स्वतन्त्रतासँगै जिम्मेवारी पनि आउँछ। प्रेस स्वतन्त्रताको अर्थ पत्रकारिताको नैतिकता बिर्सनु हुँदैन भन्ने होइन। सनसनीपूर्णता र सशुल्क समाचार पत्रकारिताको खस्कँदो स्तरका संकेत हुन्। पत्रकारको प्राथमिक कर्तव्य सत्य हुनुपर्छ। उनीहरूले कुनै पनि पूर्वाग्रह, डर वा प्रलोभन बिना समाजका खराबीहरूलाई उजागर गर्नुपर्छ। जब पत्रकारिता व्यावसायिक स्वार्थमा सीमित हुन्छ, यसले आफ्नो विश्वसनीयता गुमाउन थाल्छ।

विश्व प्रेस स्वतन्त्रता दिवस पत्रकारहरूको लागि मात्र होइन, सूचनाको अधिकारमा विश्वास गर्ने प्रत्येक नागरिकको लागि हो। हामीले यस्तो वातावरण सिर्जना गर्ने प्रतिज्ञा गर्नुपर्छ जहाँ प्रश्न सोध्नेहरूलाई डर नहोस् र सत्य बोल्नेहरूलाई सम्मान गरियोस्। सरकार, नागरिक समाज र मिडिया हाउसहरूले प्रेस स्वतन्त्रताको रक्षा गर्न मिलेर काम गर्नुपर्छ ताकि लोकतन्त्रको मशाल बलिरहोस्।

आज जब पत्रकारिता, प्रविधि र समाजबीचको सीमाना धमिलो बन्दै गएको छ, प्रेस स्वतन्त्रताको मुद्दा झनै महत्वपूर्ण भएको छ। २०२६ को विश्वव्यापी विषयवस्तु (शान्तिपूर्ण भविष्यको आकारः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन) ले भविष्यको सूचना समाजलाई आकार दिन अभिव्यक्ति स्वतन्त्रताले खेल्ने महत्त्वपूर्ण भूमिकालाई पनि जोड दिन्छ।

यो दिन मनाउँदै गर्दा, हामीले स्वीकार गर्नुपर्छ कि शान्तिको बाटो समाचार रिपोर्ट गर्नेहरूको सुरक्षाबाट अविभाज्य छ। सत्यलाई मौन राख्दा दिगो विकास, अर्थपूर्ण मानव अधिकार र स्थायी सुरक्षा हुन सक्दैन। शान्तिपूर्ण भविष्यको लागि स्वतन्त्र, सुरक्षित र पूर्ण रूपमा स्वतन्त्र प्रेस चाहिन्छ। हामीसँग मसी छ र हामीसँग इच्छाशक्ति छ; हामीलाई चाहिने कुरा भनेको हाम्रो मसी अब रगत बग्नु नपरोस् भनेर सुनिश्चित गर्ने सामूहिक साहस हो। त्यो भविष्य सुरक्षित गर्ने समय अहिले हो।

# राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०२६: समृद्ध नेपालको डिजिटल आधारशिला



चिरन्जिबी अधिकारी

नेपालमा हरेक वर्ष मे २ लाई राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (National ICT Day) का रूपमा मनाइन्छ। यस वर्ष 'सूचना प्रविधिको विस्तारः दिगो विकासको आधार' भन्ने मूल नाराका साथ देशभर विभिन्न कार्यक्रमहरू आयोजना गरी यो दिवस भव्यताका साथ मनाइएको छ।

सन् १९७१ (वि.सं. २०२८) को जनगणनाका लागि नेपालमा पहिलोपटक 'IBM १४०१' कम्प्युटर भित्रिएको ऐतिहासिक दिनको स्मरण गर्दै यो दिवस मनाउने गरिन्छ। यस लेखमा नेपालको डिजिटल रूपान्तरण, उपलब्धि, चुनौती र आगामी मार्गचित्रबारे विस्तृत चर्चा गरिएको छ।

### १. ICT दिवसको ऐतिहासिक सन्दर्भ र सान्दर्भिकता

नेपालमा प्रविधिको इतिहास धेरै पुरानो नभए पनि यसले छोटो समयमै ठुलो फड्को मारेको छ। मे महिनामा भएको क्यान महासंघ (CAN Federation) को स्थापना र कम्प्युटर भित्रिएको ऐतिहासिक सन्दर्भलाई जोडेर मे २ लाई राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस घोषणा गरिएको हो।

विगत १० वर्षदेखि क्यान महासंघको अगुवाइमा सुरु भएको यो दिवसलाई हाल सरकारले पनि अपनत्व ग्रहण गर्दै व्यापक रूपमा मनाउन थालेको छ। अप्रिल २४ देखि नै सुरु हुने 'आइसिटी सप्ताह' (ICT Week) ले गाउँगाउँमा प्रविधि सम्बन्धी जनचेतना फैलाउन महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

### २. नेपालमा प्रविधिको विकासः अलार्मदेखि एआई (AI) सम्म

नेपाली समाज हिजोको परम्परागत जीवनशैलीबाट आधुनिक डिजिटल युगमा प्रवेश गरिसकेको छ। प्रविधिको यो तीव्र विकासले जनजीवनका हरेक पक्षलाई छोएको छः

- डिजिटल जीवनशैलीः मोबाइल बैंकिङ, ई-कमर्स, टेलिमेडिसिन, र अनलाइन शिक्षा अब विलासिता नभई दैनिक आवश्यकता बनिसकेका छन्।
- स्मार्ट प्रविधि र एआईः नेपालीहरूले स्मार्टवाचबाट स्वास्थ्य जाँच गर्नेदेखि लिएर रोबोटिक्स र आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्मका नवीनतम प्रविधिको प्रयोग गर्न थालेका छन्।
- आर्थिक योगदानः नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) मा सूचना प्रविधि क्षेत्रको योगदान निरन्तर बढ्दो छ र सफ्टवेयर निर्यातको सम्भावना निकै बलियो देखिएको छ।

### ३. नीतिगत सुधार र 'डिजिटल नेपाल' को सपना

क्यान महासंघका वरिष्ठ उपाध्यक्ष एवं सूचना प्रविधि विज्ञ चिरञ्जीबी अधिकारीका अनुसार प्रविधि क्षेत्रको विकासका लागि नीतिगत स्थिरता र सरकारी लगानी अपरिहार्य छ।

"नेपाललाई सूचना प्रविधिमार्फत समृद्ध बनाउने हो भने सरकारले लगानी बढाउन र नीतिगत अवरोध हटाउन अब ढिला गर्नु हुँदैन। प्रविधि अब विलासिता होइन, विकासको इन्जिन हो।" – चिरञ्जीबी अधिकारी

**सरकारका पछिल्ला नीतिगत पहलहरूः**

- एआई नीति मस्यौदा (२०८१ माघ २२): आर्टिफिसियल इन्टेलिजेन्स सम्बन्धी अवधारणापत्र र मस्यौदा तयार गरी २०८२ साउन २६ मा मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ।
- राष्ट्रिय एआई केन्द्र र परिषद् (२०८२ कात्तिक २४): एआईको विकास र नियमनका लागि राष्ट्रिय एआई केन्द्रको स्थापना गरिएको छ।
- डिजिटल सेवा प्रणालीः सूचना प्रविधि विभागमार्फत नागरिक एप, एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, केन्द्रीकृत ई-हाजिरी र केन्द्रीकृत एसएमएस गेटवे जस्ता सेवाहरू सञ्चालनमा आएका छन्।

### ४. डिजिटल विस्तारका तथ्याङ्क र सामाजिक प्रभाव

राष्ट्रिय तथ्याङ्क कार्यालयको 'नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२' ले नेपालमा प्रविधिको पहुँच र यसका सामाजिक पक्षहरूलाई यसरी देखाएको छः

| सूचक | विवरण / तथ्याङ्क |
|---|---|
| इन्टरनेट पहुँच | ८२% घरपरिवारमा इन्टरनेट सुविधासहितको उपकरण प्रयोग |
| लैंगिक पहुँच (पुरुष) | १५ देखि ४९ वर्ष उमेर समूहका ९०.४% पुरुषसँग मोबाइल फोन |
| लैंगिक पहुँच (महिला) | १५ देखि ४९ वर्ष उमेर समूहका ८१.६% महिलासँग मोबाइल फोन |
| R&D लगानी | अनुसन्धान तथा विकासमा कुल गार्हस्थ्य उत्पादन (GDP) को मात्र ०.३% लगानी |

सञ्चारविज्ञ उज्ज्वल आचार्यका अनुसार प्रविधिको विस्तारसँगै सामाजिक सञ्जालका एल्गोरिदमले सूचना प्रवाह र जनमत निर्माणमा ठुलो प्रभाव पारिरहेको छ। क्लिकमा आधारित सामग्री र दुष्प्रचारको बढ्दो प्रवृत्तिले पत्रकारिताको विश्वसनीयतामाथि नयाँ चुनौती थपेको छ।

### ५. साइबर सुरक्षाः मुख्य चुनौती र संवेदनशीलता

इन्टरनेटको प्रयोग बढेसँगै नेपालमा साइबर अपराधका घटनाहरू पनि तीव्र रूपमा वृद्धि भइरहेका छन्। हालै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले सार्वजनिक गर्नुभएको तथ्याङ्क अनुसार साइबर अपराधको अवस्था निकै संवेदनशील छः

- उजुरीको अवस्थाः हालसम्म १० हजारभन्दा बढी आर्थिक ठगी, ४ हजार नक्कली अकाउन्ट र ३ हजार उत्पीडनका घटनाहरू दर्ता भइसकेका छन्।
- दर्ता नभएका सामाजिक सञ्जालः मेटा कम्पनीका फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप जस्ता प्रमुख प्लेटफर्महरू नेपालमा आधिकारिक रूपमा दर्ता नभएकाले अनुसन्धानमा कठिनाइ भइरहेको छ। हाल टिकटक, भाइबर र वी टक जस्ता सीमित प्लेटफर्म मात्र दर्ता छन्।

साइबर जोखिम न्यूनीकरणका लागि 'राष्ट्रिय न्यूनतम सुरक्षा मापदण्ड (NMSS)' को पालना, बलियो डेटा सेन्टरको स्थापना, र विद्यालय तहदेखि नै साइबर सुरक्षा शिक्षा अनिवार्य गर्नु आजको आवश्यकता हो।

### ६. निष्कर्ष र आगामी बाटो

नेपाल अहिले डिजिटल रूपान्तरणको निर्णायक मोडमा उभिएको छ। सन् २०३० सम्ममा नेपाललाई दक्षिण एसियाकै प्रमुख प्रविधि निर्यात गर्ने राष्ट्र बनाउने लक्ष्यका साथ काम गर्नुपर्ने आवश्यकता छ।

पूर्वाधार विस्तार र सेवामा सुधार देखिए पनि समावेशी पहुँच, प्रविधि साक्षरता, गुणस्तरीय इन्टरनेट, र प्रभावकारी नियमन अझै पनि चुनौतीकै रूपमा छन्। सरकारी र निजी क्षेत्रको सहकार्य (PPP Model) तथा उपयुक्त नीतिगत स्पष्टता मार्फत मात्र 'डिजिटल नेपाल' को सपना साकार पार्न सकिन्छ।

# आशा जगाउने बजेट ल्याइन्छ : अर्थमन्त्री वाग्ले

काठमाण्डु । अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले आशा जगाउने किसिमको बजेट ल्याउने बताउनुभएको छ । आज नेपाल उद्योग वाणिज्य महासङ्घको ६०औँ वार्षिक साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री वाग्लेले आगामी आर्थिक वर्षका लागि आशा



जगाउने बजेट ल्याइने र निजी क्षेत्रलाई विकासको सारथी बनाउने प्रतिबद्धता जनाउनुभयो ।

उहाँले आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा लगानी विस्तारका लागि निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने उल्लेख गर्नुभयो ।

मन्त्री वाग्लेले मन्त्रिपरिषद्मा निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी रणनीतिक प्रस्ताव पेस गरिएको जानकारी दिनुभयो । करिब १०० अर्ब डलरको अर्थतन्त्र निर्माण गर्ने दीर्घकालीन लक्ष्य हासिल गर्न निजी क्षेत्रको साथ अपरिहार्य रहने उहाँले बताउनुभयो । "सरकारको स्रोत सीमित छ, तर निजी क्षेत्रको लगानीले नै अर्थतन्त्रलाई विस्तार गर्छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार सरकारको खर्च जीडिपीको करिब २५ देखि ३० प्रतिशत मात्र रहेकाले बाँकी आर्थिक गतिविधि निजी क्षेत्रबाट सञ्चालन हुने गरेको छ । "आर्थिक प्रगतिमा बाधक बनेका करिब दुई दर्जन ऐन खारेज गर्ने योजना अघि बढाइएको छ," मन्त्री वाग्लेले भन्नुभयो, "त्यसैगरी, राजस्व प्रशासन सुधार गर्दै कर प्रणालीलाई उद्यममैत्री र लगानीमैत्री बनाइने छ ।"

मन्त्री वाग्लेले सरकारले सामाजिक बजार अर्थतन्त्रको अवधारणा अनुरूप नीतिहरू अघि बढाउने बताउनुभयो । निजी क्षेत्रको नवप्रवर्तन र गतिशीलतालाई प्रोत्साहन गर्दै शिक्षा, स्वास्थ्य, यातायात र सामाजिक सुरक्षामार्फत आयको समतामूलक वितरण सुनिश्चित गरिने उहाँले स्पष्ट पार्नुभयो । रासस

# विश्वविद्यालयको सिनेटबाट हटाइए प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठन

**टुडे समाचारदाता**

काठमाण्डु । देशैभरि सञ्चालित १८ वटै विश्वविद्यालयहरूको सर्वोच्च निकाय विश्वविद्यालय सभा (सिनेट) बाट प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ र विद्यार्थी सङ्गठनको प्रतिनिधित्व हटाएको छ ।

सरकारले ल्याएको विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशले देशभरका सबै विश्वविद्यालयमा रहेका यस्ता प्रतिनिधित्वलाई हटाउने व्यवस्था गरेको छ ।

यसअघि अधिकांश विश्वविद्यालय सभामा प्राध्यापक (शिक्षक) सङ्घ, कर्मचारी सङ्घ र स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) का प्रतिनिधिहरू रहने व्यवस्था थियो । सम्बन्धित संस्थाबाट निर्वाचित व्यक्ति प्रतिनिधि पदेन हुने व्यवस्था भएकोले यसमा कुनै नियुक्ति व्यवस्था हुँदैनथ्यो ।

नयाँ व्यवस्थाअनुसार प्राध्यापक सङ्घको प्रतिनिधिको सट्टा समग्र प्राध्यापकहरूमध्येबाट छानिएका व्यक्ति सभामा रहने व्यवस्था गरिएको छ ।

त्यसैगरी कर्मचारी सङ्घको प्रतिनिधिको सट्टा कर्मचारीहरूमध्येबाट छानिएका प्रतिनिधि रहनेछन् । विद्यार्थीको हकमा पनि यसअघि स्ववियू सभापतिहरूमध्येबाट एक जना प्रतिनिधि रहने व्यवस्थालाई हटाएर आम विद्यार्थीहरूमध्येबाट एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ । यस्ता प्रतिनिधि छान्ने अधिकार कुलपतिलाई दिइएको छ ।

अध्यादेशले विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष (रेक्टर) र कुलसचिव (रजिष्ट्रार) नियुक्तिको लागि योग्यता निर्धारण समेत गरेको छ ।



त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल, पोखरा विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, राजर्षी जनक विश्वविद्यालय जस्ता बहुविषयगत विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष हुन कुनै पनि विषयमा विद्यावारिधि उपाधि हासिल गरी अध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको हुनुपर्नेछ । यद्यपि यसअघि पनि योग्यताको हिसाबले कमजोर व्यक्ति उपकुलपति भएका भने थिएनन् ।

यसबाहेक नेपाल संस्कृत विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय लगायत विशिष्टीकृत विश्वविद्यालयमा सम्बन्धित क्षेत्रमै विद्यावारिधि उपाधि हासिल हुनुपर्ने व्यवस्था गरिएको छ ।

उदाहरणका लागि नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति तथा शिक्षाध्यक्ष बन्न अब संस्कृत भाषा वा साहित्यमा विद्यावारिधि गरेको हुनुपर्नेछ । त्यस्तै, लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति र शिक्षाध्यक्ष बन्न बौद्ध दर्शनमा विद्यावारिधि अनिवार्य गरिएको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपतिका लागि कृषि, भेटेनरी तथा वन विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरेको हुनुपर्नेछ ।

पछिल्लो समय खुलेका नयाँ विश्वविद्यालयहरूमा भने उपकुलपतिको योग्यता यसअघि नै निर्धारण गरिएको हुनाले ती विश्वविद्यालयमा यसलाई यथावत् नै राखिएको छ ।

त्यस्तै, रजिष्ट्रार वा कुल सचिव हुनको लागि पनि बहुविषयगत विश्वविद्यालयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा १० वर्षको अनुभव हुनुपर्ने व्यवस्था गरिएको छ ।

अध्यादेश जारी हुनुअघि उपकुलपति नियुक्तिका लागि कुलपतिको रूपमा रहेका प्रधानमन्त्रीले विश्वविद्यालय सभाका सदस्य मध्येबाट तीन जनाको

> देशकै सबैभन्दा ठुलो र धेरै विद्यार्थी भएको त्रिभुवन विश्वविद्यालयको प्राध्यापक संघका अध्यक्ष बसन्त ढकाल अध्यादेशमार्फत गरिएको यो कदम सरकारको तानाशाही यात्राको सुरुवात भएको बताउँछन् ।

समिति बनाउने र उक्त समितिले सिफारिस गरेको व्यक्तिलाई उपकुलपति नियुक्त गर्ने व्यवस्था रहेको थियो ।

यसो हुँदा जस्तोसुकै व्यक्ति पनि समितिमा आउन सक्ने सम्भावना थियो । यसले कमजोर व्यक्तिलाई बन्न सक्ने सम्भावना थियो । अब भने एनमै उपकुलपतिको योग्यता तोकिएको छ । नयाँ व्यवस्थाअनुसार उपकुलपति नियुक्त गर्ने सिफारिस समितिको संयोजक नै उपकुलपति बन्ने योग्यता भएको व्यक्ति हुनुपर्नेछ । त्यस्तै, समितिका अन्य सदस्यहरूमा पूर्व उपकुलपति, पूर्वशिक्षाध्यक्ष र पूर्वकुलसचिवमध्ये एक भइसकेका व्यक्ति हुनुपर्नेछ भने अर्को एक सदस्य शैक्षिक व्यवस्थापनमा १० वर्षको अनुभव हासिल गरेको व्यक्ति हुनुपर्ने व्यवस्था गरिएको छ ।

विश्वविद्यालय सभाबाट प्राध्यापक सङ्घ, शिक्षक सङ्घ र विद्यार्थी सङ्घको प्रतिनिधित्व हटाउने विषयमा तीन वटै सङ्गठनले विरोध गरेका छन् ।

देशकै सबैभन्दा ठुलो र धेरै विद्यार्थी भएको त्रिभुवन विश्वविद्यालयको प्राध्यापक सङ्घका अध्यक्ष बसन्त ढकाल अध्यादेशमार्फत गरिएको यो कदम सरकारको तानाशाही यात्राको सुरुवात भएको बताउँछन् । 'यो सरकार तानाशाहतर्फ उन्मुख छ,' उनी भन्छन् ।

त्यस्तै, त्रिविकै कर्मचारी सङ्घका अध्यक्ष छत्रबहादुर कार्की पनि यो व्यवस्था सङ्गठन गर्न पाउने हक र अन्तर ष्ट्रिय श्रम सङ्गठनको हकविपरित भएको बताउँछन् । अबको सभामा प्रतिनिधित्व हुने कर्मचारी सरकार वा उपकुलपतिको तजबिजिमा छनोट हुने भएकोले यसले कर्मचारीको भावनालाई प्रतिनिधित्व नगर्ने उनको भनाइ छ ।

'अहिलेसम्म त्रिविसभामा हाम्रो प्रतिनिधित्व भए पनि कार्यकारी परिषद्मा थिएन । हामीले त रजिष्ट्रार नै कर्मचारीको तर्फबाट हुनुपर्छ भनेका थियौँ, त्यो नहुनु दुःखद हो' उनी भन्छन् ।

त्रिवि सभा सदस्य रहेर अध्यादेशकै कारण पदमुक्त भएका स्वतन्त्र विद्यार्थी युनियन केन्द्रीय क्याम्पसका सभापति दीपकराज जोशी यो कदमले विश्वविद्यालयमा सरकारी छायाँ बन्ने बताउँछन् । उनले यसले विश्वविद्यालयमा प्राज्ञिक शून्यताको अवस्था सिर्जना गर्ने उनले दाबी गरे ।

# कार्यान्वयनयोग्य आयोजना प्रस्ताव गर्न प्रदेश सरकारको आग्रह

कर्णाली । कर्णाली प्रदेश सरकारले कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम प्रस्ताव गरेर पठाउन स्थानीय तहलगायत सरोकारवालाहरूलाई आग्रह गरेको छ ।

नेपालको संविधान धारा, २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको आधारलाई समेट्ने गरी १४ बुँदालाई आधार बनाएर प्रदेश सरकारले ससर्त अनुदान कार्यान्वयन गराउन सरोकारवालाहरूका लागि प्रस्ताव आह्वान गरेको हो । आजसम्म आयोजना तथा कार्यक्रमको प्रस्ताव पेस गर्न प्रदेश सरकारले समयसीमा तोकेको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी अञ्जु चौधरीले जानकारी दिनुभयो ।




स्थानीय तहबाट कार्यान्वयन हुने रु १० लाखदेखि रु ५० लाखसम्म लागत भएका आयोजना, प्रदेश सरकारको अधिकार सूचीभित्रका कुनै विषयका आयोजना, प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकारमार्फत कार्यान्वयन, प्रदेश सरकारको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुर्याउने, स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना र कार्यान्वयन गर्नुपर्ने, मानव विकास सूचकाङ्कको अवस्थाका आधारमा ससर्त अनुदान प्रदान गर्न सकिने उहाँले बताउनुभयो ।

त्यस्तै, आर्थिक सामाजिक असमानता, पूर्वाधार विकास, सडक तथा विद्युत्को पहुँच, सूचना प्रविधि, खानेपानी तथा सरसफाइको सुविधा, खर्चको आवश्यकता तथा राजस्व उठाउने क्षमता, तत्परता र कार्यसम्पादन मूल्याङ्कन, वित्तीय अनुशासन र पुँजीगत खर्च गर्न सक्ने क्षमता, राजस्व सङ्कलन र प्रदेश सरकारलाई प्राप्त राजस्व र विशेष अवस्थाका आधारमा अनुदान दिइने जनाएको छ । उहाँका अनुसार सरकारले स्थानीय तहलाई आयोजनाका लागि प्रदान गर्न सकिने क्षेत्रहरूको पनि तोकेर ढाँचा पनि पठाएको छ । सडक तथा पूर्वाधार, शैक्षिक विकास, आधारभूत स्वास्थ्य सेवा, प्रदेशको सन्तुलित विकास, आर्थिक, सामाजिक र अन्य विभेद न्यूनीकरण गर्ने, रोजगारी सिर्जना हुने, खानेपानी तथा सिँचाइ, सौर्य ऊर्जा, कृषि, विद्युतीकरण, सिर्जनशीलता, उद्यमशीलता र नवप्रर्तनलाई प्रोत्साहन गर्ने वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित आयोजनालाई प्राथमिकता दिएर अनुदान दिन सकिने बताइएको छ ।

कर्णाली प्रदेश ससर्त अनुदानसम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८२ दफा ७ को उपदफा १ मा व्यवस्था भएबमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने ससर्त अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरूको प्रस्ताव गरी सोही कार्यविधिअनुसार अनुदान माग र प्रस्ताव पेस गर्न सूचना गरिएको सूचना अधिकारी चौधरीले बताउनुभयो ।

प्रदेश सरकारले सूचनामार्फत कर्णाली प्रदेशभित्रका स्थानीय तह, सार्वजनिक संस्था तथा लाभग्रही र प्रदेशसभा सदस्यहरूलाई जानकारी गराइएको छ । स्थानीय तहलाई रु एक करोडको सीमाभित्र रही बढीमा पाँच, सार्वजनिक संस्था तथा लाभग्रहीलाई रु ५० लाखको सीमाभित्र रही बढीमा दुई र प्रदेशसभा सदस्यहरूलाई अधिकतम रु दुई करोडको सीमाभित्र रहेर आयोजना प्रस्ताव गर्न अनुरोध गरेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । रासस

# दलित संघका अध्यक्ष विश्वकर्माद्वारा राजीनामा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल दलित संघका अध्यक्ष लोकबहादुर विश्वकर्माले राजीनामा दिएका छन् । कांग्रेसका सभापति गगन थापालाई सम्बोधन गर्दै अध्यक्ष विश्वकर्माले केन्द्रीय कार्यालय सानेपामा राजीनामा बुझाएका छन् ।



पारिवारिक र शारीरिक समस्याका कारण अध्यक्षको जिम्मेवारी पूरा गर्न असमर्थरहेकोराजीनामा पत्रमा उल्लेख गरेका छन् । 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णय अनुसार मलाई नेपाल दलित संघको केन्द्रीय अध्यक्ष पदमा नियुक्त गरी जिम्मेवारी प्रदान गर्नुभएकोमा तत्कालीन सभापतिज्यूप्रति आभार प्रकट गर्दछु तर, मेरो व्यक्तिगत स्वास्थ्य र पारिवारिक कारणले गर्दा यो जिम्मेवारीबाट अलग हुन राजीनामा पेश गरेको छु ।'

राजीनामा दिए पनि संघका अन्य गतिविधिहरूमा भने आफू सदैव सक्रिय रहने विश्वकर्माले राजीनामा पत्रमा लेखेका छन् । विश्वकर्मालाई २०८० असोज १३ गते पार्टी सभापति देउवाले संघको केन्द्रीय अध्यक्षमा नियुक्त गरेका थिए ।

# संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष पुनः सिफारिस गर्ने सरकारको निर्णय

काठमाण्डु । सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष पुन : सिफारिस गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद्को बैठकले संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश २०८३ राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएकामा उक्त अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पुनः सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।



मन्त्रिपरिषद् बैठकले परम्परागत 'बोइलर'लाई 'इलेक्ट्रोनिक बोइलर'ले प्रतिस्थापन गर्ने उद्योगहरुलाई कर्जा उपलब्ध गराउने र वायु गुणस्तर मापन क्षमता बढाउने प्रयोजनका लाग विश्व बैङ्कबाट प्राप्त हुने ५२ मिलियन अमेरिकी डलर बराबरको सहुलियत ऋण तथा पाँच मिलियन अमेरिकी डलर बराबरको अनुदान स्वीकार गर्ने निर्णय गरेको छ ।

यस्तै, बैठकले भारतसँग जिटुजी खरिद माध्यमबाट ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डिस्पी मल खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

बैठकले संसद् भवन परिसरमा प्रवेशलगायतका विषय समावेश गरिएको सिंहदरबार परिसरको परिमार्जित गुरुयोजना स्वीकृत गर्ने निर्णय गरेको शिक्षामन्त्री पोखरेलले बताउनुभयो । रासस


## भूमि सुधार तथा मालपोत कार्यालय, कलैया, बारा
## हकदावी बारेको ३५ दिने सार्वजनिक सूचना

यसमा विदेश भारत जिल्ला पूर्वी चमपारण विहार ग्राम औरैया पोष्ट आदापुर थाना आदापुर वस्ने बागड साहको नाती मोदी साहको छोरा अधारकार्ड न. ५४४०९२७८१०२३ भएको सुखाडी साहले यस कार्यालयमा दिएको निवेदन अनुसार निजको नाममा दर्ता कायम रहेको तपशिल बमोजीमको जग्गाहरु जिर्ण भई झरी च्याती गएको हुनाले श्रेस्ता अध्यावधीक गरी हक कायम गरी पाउँ भनी यस कार्यालयमा द.न. १६००७ मिति २०८२।११।०१ मा दर्ता गराउनु भएको हुँदा सो सम्वन्धमा तपशिलमा उल्लेखीत जग्गाको श्रेस्ता खोज तलास गर्दा फेला नपरेको समेत हुँदा उल्लेखीत तपशिलको जग्गा नेपाली नागरीक संग हक हस्तान्तरण गर्नका निमति निज सुखाडी साहको नाममा श्रेस्ता अध्यावधीक गरी पाउँ भनी द.न. १६००७ मिति २०८२।११।०१ को निवेदन बाट माग दावी गरेकाले माग बमोजीम निवेदकको नाममा श्रेस्ता अध्यावधीक गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनीक सम्पत्तीको नोकसानी हुने भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र यत्स कार्यालयमा स-प्रमाण सहित दावी उजुर गर्न आउनु होला। सूचना गर्ने होला । अन्याथा कानून बमोजीम भई जाने व्यहोरा समवन्धीत सबैको लागी सुचीत गरिन्छ ।

**तपशिल**

| गा.वि.स. | वडा न. | कि.न. | क्षे.फ. | जग्गाधनी |
|---|---|---|---|---|
| मटिअर्वा | ७ | २०१ | ०-१-१० | सुखाडी साह तुरहा |
| मटिअर्वा | ७ | २०३ | ०-१-१० | सुखाडी साह तुरहा |



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०१/२८ गते/स्थान : शाखा कार्यालय रुपनी, सप्तरी | २०८३/०१/३० गते, बुधबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : जनत खरिद विक्री**<br>नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग<br>प्रा.फ.र.नं. २९२७/०७१/०७२, दर्ता मिति : २०७२/०३/१४, पान नं. ६०३२५६३५०, दर्ता मिति : २०७२/०३/१४<br>ठेगाना : सप्तरी जिल्ला, कञ्चनरुप न.पा., वडा नं. ८<br>**प्रोप्राइटर : मो.जनत मियाँ** | |
| | **जमानतकर्ता** | |
| | **१. नाम : जनत मियाँ**<br>ना.प्र.नं. ६८७१, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५४/०४/१७<br>बाबुको नाम : इद्रिस मियाँ, बाजेको नाम : सहमुद मियाँ<br>ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. १२ | **२. नाम : इद्रीस मियाँ**<br>ना.प्र.प.न. ८०१६१०२०, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६२/११/०९<br>बाबुको नाम : सहमुद मियाँ, बाजेको नाम : मंगल मियाँ<br>ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. १२ |
| | **धितोको विवरण** | |
| | जनत मियाँको नाममा मालपोत कार्यालय कञ्चनरुप, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला, रुपनगर गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ७२९ को क्षेत्रफल ०-२-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# अमेरिकी सेना फिर्तीले युरोप सतर्क



रासस/एएफपी । जर्मनीबाट अमेरिकी सेना फिर्ता गर्ने निर्णयले युरोपेली सुरक्षाबारे नयाँ बहस सुरु गराएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कदमलाई युरोपेली नेताहरूले आश्चर्यजनक भन्दै अब आफ्नै सुरक्षाको जिम्मेवारी अझ बढाउनुपर्ने स्पष्ट सङ्केतका रूपमा व्याख्या गरेका छन् ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले गत हप्ता जर्मनीबाट करिब पाँच हजार सैनिक फिर्ता गर्ने घोषणा गरेको थियो । तर ट्रम्पले शनिबार यो सङ्ख्या अझ बढी हुन सक्ने सङ्केत गर्दै अमेरिका आफ्नो सैन्य उपस्थिति कटौती गर्ने तयारीमा रहेको बताउनुभएको थियो। यस निर्णयको स्पष्ट कारण सार्वजनिक नगरिए पनि यसले उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) भित्र असमञ्जस सिर्जना गरेको छ।

यो निर्णयलाई जर्मन चान्सलर फ्रेडरिक मर्जसँगको सम्बन्धमा देखिएको तनाव र इरानमा जारी अमेरिकी-इजरायली सैन्य कारबाहीप्रति युरोपेली मुलुकहरूको अनिच्छासँग जोडिएको रूपमा हेरिएको छ। विशेषगरी मध्यपूर्वको द्वन्द्वमा युरोपेली सहयोगीहरू सक्रिय रूपमा नउत्रिएकोप्रति ट्रम्प असन्तुष्ट रहेको सङ्केतहरू देखिएका छन् ।

आर्मेनियाको राजधानी येरेवानमा भइरहेको युरोपेली नेताहरूको सम्मेलनका क्रममा नर्वेका प्रधानमन्त्री जोनास गह्र स्टोरेले यस निर्णयलाई अत्यधिक नाटकीय रूपमा लिन नहुने बताउनुभयो । उहाँका अनुसार यो कदमले युरोपले आफ्नै सुरक्षामा थप जिम्मेवारी लिनुपर्ने अपेक्षा झल्काउँछ । उहाँले नाटोको ढाँचाभित्र सहकार्य र समन्वय कायम राख्दै यस्ता परिवर्तनहरूलाई व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

युरोपेली सङ्घ (इयु) की विदेश नीति प्रमुख काजा कल्लासले पनि लामो समयदेखि युरोपबाट अमेरिकी सेना घटाउने चर्चा भइरहे पनि यस्तो निर्णयको समय भने अप्रत्याशित रहेको बताउनुभयो । उहाँले नाटोभित्र युरोपेली भूमिका सुदृढ बनाउनु अपरिहार्य भइसकेको उल्लेख गर्नुभयो ।

यस निर्णयको पृष्ठभूमिबारे विभिन्न अड्कलबाजी भइरहेका छन् । इरानसँगको युद्ध अन्त्यका वार्तामा युरोपेली धारणा र अमेरिकी असन्तुष्टिबीचको सम्बन्धबारे प्रश्न उठे पनि कल्लासले त्यसबारे ट्रम्प आफैँले स्पष्ट पार्नुपर्ने बताउनुभयो ।

नाटोका प्रवक्ता एलिसन हार्टका अनुसार ३२ सदस्यीय सैन्य गठबन्धनले जर्मनीमा अमेरिकी सैन्य उपस्थिति परिवर्तनसम्बन्धी विवरण बुझ्न वासिङ्टनसँग समन्वय गरिरहेको छ । यद्यपि यसअघि नै ट्रम्प पुनः सत्तामा आएपछि युरोपबाट अमेरिकी सेना फिर्ता हुने सङ्केत दिइएको थियो, जसअनुसार केही फौज रोमानियाबाट पनि हटाइएको थियो।

नाटो महासचिव मार्क रुटले यस कदमलाई कम महत्त्व दिँदै युरोपेली सहयोगीहरूले अमेरिकी सन्देश बुझेको प्रतिक्रिया दिनुभयो। उहाँले युरोपेली देशहरूले द्विपक्षीय सैन्य सम्झौताहरू कार्यान्वयनमा जोड दिइरहेको र आगामी चरणका लागि आवश्यक सैन्य स्रोतहरू रणनीतिक रूपमा व्यवस्थापन गर्न थालेको बताउनुभयो ।

तर युरोपेली मुलुकहरूबीच पनि अमेरिकी नीतिप्रति मतभेद देखिएको छ । फ्रान्स, स्पेन र बेलायतले इरानमाथि आक्रमणका लागि आफ्नो भूमिमा रहेका अमेरिकी सैन्य आधारहरू प्रयोग गर्न अनुमति दिन अस्वीकार गरेका छन् । स्पेनले त आफ्नो हवाई क्षेत्रसमेत प्रयोग गर्न नदिने निर्णय गरेको छ।

यस्तै सन्दर्भमा फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले हर्मुज जलघाँटी खुला राख्ने अमेरिकी प्रयासलाई स्वागत गरे पनि अस्पष्ट सैन्य अपरेसनमा युरोपेली सहभागिता नहुने स्पष्ट पार्नुभयो।

अर्कोतर्फ, व्यापारिक सम्बन्धमा पनि तनाव देखिएको छ । ट्रम्पले इयुले व्यापार सम्झौता पालना नगरेको आरोप लगाउँदै युरोपेली सवारीसाधनमा २५ प्रतिशतसम्म कर बढाउने योजना अघि सार्नुभएको छ, जसले विशेषगरी जर्मनीलाई असर गर्ने देखिन्छ।

यसबीच युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले युरोपले अस्ट्रेलिया, भारत र मेक्सिकोसँग व्यापारिक साझेदारी विस्तार गर्दै स्थिर र भरपर्दो आपूर्ति शृङ्खला निर्माणमा ध्यान दिइरहेको बताउनुभयो । उहाँका अनुसार समान सोच भएका साझेदारहरूसँगको सहकार्यले युरोपको आर्थिक तथा रणनीतिक सुरक्षा मजबुत बनाउनेछ ।

# सोमपाल जागुआर प्लाइको ब्रान्ड एम्बेसडर



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य सोमपाल कामीलाई जागुआर प्लाइले आफ्नो ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ।

श्री गणेश प्लाइवुड इन्डस्ट्रिज प्रा.लि.को उत्पादन जागुआर प्लाइले आइतबार सोमपाललाई ब्रान्ड एम्बेसडर घोषणा गरेको हो। कम्पनीले सहकार्यले ब्रान्डको बजार उपस्थितिलाई अझ बलियो बनाउने विश्वास लिइएको छ।

नेपालले खेलेका ३ वटै टि ट्वान्टी विश्वकप खेल्ने एकमा नेपाली क्रिकेटर सोमपालको समर्पण, निरन्तरता र विश्वसनीयता कम्पनीको "मजबुती, टिकाउपन र विश्वास" भन्ने ब्रान्ड मूल्यसँग मेल खाने भएकाले उनलाई ब्रान्ड एम्बेसडरका रूपमा चयन गरिएको कम्पनीले जनाएको छ।

यो सहकार्यपछि सोमपालले डिजिटल अभियान, विज्ञापन, डिलर कार्यक्रम तथा विभिन्न ब्रान्ड प्रवर्द्धन गतिविधिमार्फत जागुआर प्लाइको प्रतिनिधित्व गर्ने बताइएको छ।

जागुआर प्लाइका निर्देशक रोहित नेमानीले सोमपालाई कम्पनी परिवारमा स्वागत गर्न पाउँदा खुशी लागेको बताएका छन्।

ब्रान्ड एम्बेसडर बनेपछि सोमपालले जागुआर प्लाइजस्तो गुणस्तर र विश्वासको प्रतिनिधित्व गर्ने ब्रान्डसँग जोडिन पाउँदा खुशी लागेको बताएका छन् । उनले ब्रान्डको विकासमा योगदान दिन र देशभरका उपभोक्तासँग जोडिन आफू उत्साहित रहेको बताए ।

जागुआर प्लाइले शटरिङ प्लाइउड, कमर्शियल प्लाइउड, फ्लस डोर तथा अन्य काठजन्य प्यानल उत्पादनमार्फत बजारमा आफ्नो पहिचान बनाउँदै आएको उल्लेख गरेको छ। कम्पनीले नेपालका विभिन्न शहरमा डिलर सञ्जाल विस्तार गर्दै गुणस्तरीय उत्पादन उपलब्ध गराउँदै आएको जनाएको छ।

# दुबई विमानस्थलमा यात्रुको संख्यामा ६६ प्रतिशतको गिरावट




रासस/एएफपी। मध्यपूर्व युद्धको क्रममा संयुक्त अरब इमिरेट्स (युएई)मा इरानले गरेको आक्रमणपछि मार्चमा दुबई विमानस्थलको यात्रु आवागमनमा दुई तिहाइले कमी आएको इमिरेट्सको सञ्चार कार्यालयले सोमबार एक विज्ञप्तिमा जानकारी गराएको छ।

अन्तर्राष्ट्रिय यात्रु ट्राफिकका लागि विश्वकै सबैभन्दा व्यस्त मानिने दुबई इन्टरनेशनल विमानस्थलमा यात्रुको सङ्ख्या घटेर २५ लाखमा झरेको दुबई सञ्चार कार्यालयले जनाएको छ।

अमेरिका-इरान युद्धका कारण मध्यपूर्वमा तनाव बढ्दा विमानस्थलले क्षेत्रीय अवरोधको सामना गर्नुपरेको र यसले हवाई क्षेत्र क्षमता र उडान तालिकामा उल्लेखनीय रूपमा बाधा पुर्याएको छ।

दुबई सञ्चार कार्यालयले अगाडी भनेको छ, "युएई भित्रको हवाई क्षेत्र अब पूर्ण रूपमा पुनर्स्थापित भएको छ, दुबईका विमानस्थलहरू उपलब्ध क्षेत्रीय मार्ग क्षमतासहित उडान बढाउन निर्णायक रूपमा अघि बढिरहेका छन् ।"

अमेरिका-इजरायल आक्रमणको इरानले गरेको बदलामा तेल सम्पन्न युएईले कैयौँ पटक दुबई इन्टरनेशनललाई निशाना बनाएको थियो ।

सन् २०२६ को पहिलो त्रैमासिकमा त्रैमासिक ट्राफिक २१ प्रतिशतले घटेर एक करोड ८६ लाखमा झरेको थियो । दुबई इन्टरनेशनलले गत वर्ष सबैभन्दा बढी नौ करोड ५२ लाख यात्रुलाई सेवा दिउको थियो । यो संख्या यो वर्ष नौ करोड ९५ लाख पुग्ने आशा गरिएको थियो ।

दुबई एयरपोर्टका कार्यकारी प्रमुख पल ग्रिफिथ्सले भन्नुभयो, "विगत केही हप्तामा भएका असाधारण घटनाहरूले कुनै पनि प्रमुख विमानस्थलका लागि अकल्पनीय परिणाममा सावित बनेका छन् ।

# होर्मुज क्षेत्रमा जहाज आवागमन सहज बनाउन 'प्रोजेक्ट फ्रीडम' सुरु हुने



रासस/एएफपी। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार जानकारी गराउँदै मध्यपूर्वको अत्यन्त महत्वपूर्ण समुद्री मार्ग होर्मुज जलडमरूमध्यमा रहेका जहाजहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्ने प्रक्रिया सोमबार बिहानदेखि सुरु गरिने बताउनुभएको छ।

उहाँले यस पहललाई ' प्रोजेक्ट फ्रीडम' नाम दिँदै मानवीय सहयोगका उद्देश्यले अघि सारिएको कदमका रूपमा प्रस्तुत गर्नुभएको छ । उहाँका अनुसार विभिन्न मुलुकहरूले आफ्ना व्यापारिक जहाजहरू उक्त संवेदनशील जलमार्गमा फसेको अवस्थाका कारण सहयोगका लागि अनुरोध गरेका थिए, जसमा ती मुलुकहरू प्रत्यक्ष रूपमा क्षेत्रीय विवादमा संलग्न नभए पनि उनीहरूका जहाजहरू प्रभावित भएका छन् ।

राष्ट्रपति ट्रम्पले इरान, मध्यपूर्व क्षेत्र तथा संयुक्त राज्य अमेरिकाको साझा हितलाई ध्यानमा राख्दै जहाजहरूलाई सुरक्षित मार्ग प्रदान गर्दै उक्त क्षेत्रबाट बाहिर निकाल्ने निर्णय गरिएको उल्लेख गर्नुभएको छ । यस प्रयासले अन्तर्राष्ट्रिय समुद्री व्यापारलाई सहज बनाउन तथा आपूर्ति शृंखलालाई सामान्य अवस्थामा फर्काउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

उहाँका अनुसार केही जहाजहरूमा खाद्यान्न, इन्धन तथा अन्य अत्यावश्यक सामग्रीको अभाव देखिन थालेको छ, जसले चालकदलको स्वास्थ्य, सुरक्षा तथा समग्र कल्याणमा चुनौती उत्पन्न गर्न सक्ने अवस्था रहेको छ।

उहाँले थप स्पष्ट पार्दै यस मानवीय प्रक्रियामा कुनै प्रकारको अवरोध भएमा आवश्यक परेमा उपयुक्त र कडाइका साथ सम्बोधन गरिने पनि उल्लेख गर्नुभएको छ।

यसैबीच, इरानले आफ्नो १४ बुँदे शान्ति प्रस्तावबारे अमेरिकी प्रतिक्रिया प्राप्त भएको र त्यसको सावधानीपूर्वक अध्ययन भइरहेको जनाएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ताले उक्त प्रस्तावको मुख्य उद्देश्य युद्धको अन्त्य सुनिश्चित गर्नु रहेको र त्यसमा आणविक विषयसँग सम्बन्धित विस्तृत विवरण समावेश नभएको स्पष्ट पार्नुभएको छ।

यस घटनाक्रमले मध्यपूर्व तथा एसिया क्षेत्रको सुरक्षा अवस्था, समुद्री व्यापार तथा अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्धलाई अझ संवेदनशील बनाएको सङ्केत गरेको छ।

# आइडब्लुएलमा सरुको गोल

**टुडे समाचारदाता**



काठमाण्डु । इन्डियन वुमेन्स लिग (आइडब्लुएल) मा नेपाली खेलाडी आबद्ध दुई टोलीले जित हात पारेका छन् ।

सरु लिम्बू र रेनुका नगरकोटे सम्मिलित किकस्टार्ट एफसीले सेसा फुटबल एकेडेमीलाई ३-० ले हराउँदा, अञ्जिला तुम्बापो सुब्बाआबद्ध सेथु एफसीले श्रीभूमि फुटबल क्लब माथि २-१ को जित निकालेको थियो ।

आइतबार नेसनल सेन्टर अफ एक्सिलेन्स मैदान मा भएको नवौं चरणको खेलमा किकस्टार्टले सेसाविरुद्ध स्पष्ट जित निकाल्यो। किकस्टार्टका लागि नाइजेरियाकी इमेम पिस इसियन ले १७औं मिनेटमा पहिलो गोल गरिन् ।

त्यसपछि नेपाली मिडफिल्डर सरुले २९औं मिनेटमा दोस्रो थप्दै टोलीको अग्रता बलियो बनाइन्। खेलको ६७औं मिनेटमा बबिसाना देवीले अर्को गोल गर्दै किकस्टार्टलाई ३-० को सहज जित दिलाइन् ।

यो जितसँगै किकस्टार्टले रेलिगेसन क्षेत्र छाडेको छ। ३ जित, ५ हार र १ बराबरीबाट १० अंक जोडेको किकस्टार्ट तालिकाको छैटौं स्थानमा उक्लिएको छ।

आठ टोली सहभागी लिगमा दुई टोली रेलिगेसनमा पर्ने प्रावधान छ।

त्यस्तै अर्को खेलमा सेथु एफसीले श्रीभूमि फुटबल क्लबलाई २-१ ले हरायो। खेलका तीनवटै गोल पहिलो हाफमै सम्भव भएका थिए। सेथुका लागि सुमती कुमारी ले १३औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाइन् भने स्लिन्डा कोम ले २० औं मिनेटमा दोस्रो गोल थपिन् ।

त्यसपछि घानाकी फिलोमेना अबकाश ले ३८औं मिनेटमा पेनाल्टीमार्फत श्रीभूमिका लागि एक गोल फर्काइन् ।

यो जितपछि सेथुले १९ अंक जोड्दै तालिकाको दोस्रो स्थानमा आफ्नो स्थान कायम राखेको छ। शीर्ष स्थानमा रहेको इस्ट बंगाल एफसी को २७ अंक छ।

आइतबारकै अर्को खेलमा इस्ट बंगालले गोकुलम केरल एफसी लाई २-१ ले पराजित गर्‍यो। अब अर्को चरणमा किकस्टार्टले इस्ट बंगालसँग खेल्नेछ भने सेथुले निता एफसी सँग प्रतिस्पर्धा गर्नेछ।

# ऊर्जा सङ्कटबीच जापान-अस्ट्रेलिया सहकार्य विस्तार



रासस/एएफपी । विश्वव्यापी ऊर्जा आपूर्ति अस्थिर बन्दै गइरहेका बेला जापान र अस्ट्रेलियाले ऊर्जा सुरक्षा, रक्षा र महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्यलाई अझ गहिरो बनाउने सहमति गरेका छन् । इरानसँग सम्बन्धित द्वन्द्वका कारण आपूर्ति शृङ्खलामा देखिएको दबाबबीच दुवै देशले रणनीतिक साझेदारी मजबुत बनाउने निर्णय गरेका हुन् ।

जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार सम्हालेपछि पहिलो औपचारिक विदेश भ्रमणका क्रममा सोमबार अस्ट्रेलियाको संसद् भवनमा आफ्ना समकक्षी एन्थोनी अल्बानिजसँग भेटवार्ता गर्नुभयो । भेटमा दुवै नेताबीच क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षासँग सम्बन्धित विविध विषयमा गहन छलफल भएको जनाइएको छ।

ताकाइचीका अनुसार चीन, दक्षिणपूर्व एसिया, प्रशान्त टापु राष्ट्रहरू, आणविक मुद्दा तथा उत्तर कोरियाद्वारा अपहरण गरिएका नागरिकका विषयमा समेत रणनीतिक संवाद भएको थियो । उहाँले स्ट्रेट अफ हर्मुज क्षेत्रमा उत्पन्न तनावले इन्डो-प्यासिफिक क्षेत्रमा गम्भीर प्रभाव पारेको उल्लेख गर्दै यस्ता परिस्थितिमा दुवै देशले समन्वय गरेर छिटो प्रतिक्रिया दिने सहमति भएको बताउनुभयो।

ऊर्जा निर्भरताको दृष्टिले पनि दुवै देशबीच सम्बन्ध महत्त्वपूर्ण रहेको छ। अस्ट्रेलियाले जापानलाई आवश्यक पर्ने तरलीकृत प्राकृतिक ग्यासको करिब आधा हिस्सा आपूर्ति गर्दै आएको छ भने जापान अस्ट्रेलियालाई रिफाइन्ड पेट्रोल र डिजेल आपूर्ति गर्ने प्रमुख देशहरूमध्ये एक हो।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि उत्पन्न आपूर्ति अवरोधलाई ध्यानमा राख्दै अस्ट्रेलियाले वैकल्पिक स्रोत सुनिश्चित गर्न पहल गरिरहेको छ । यसै क्रममा प्रधानमन्त्री अल्बानिजले हालै सिङ्गापुर, ब्रुनाई र मलेसियाको भ्रमण गरी इन्धन आपूर्ति बढाउने प्रयास गर्नुभएको थियो।

सोमबार सम्पन्न सहमतिहरूले दुवै देशका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अल्बानिजले बताउनुभयो । उहाँका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व बजारमा आएको अस्थिरताको असरबाट अस्ट्रेलियालीहरूलाई कम जोखिम हुने वातावरण निर्माण गर्न यो सहकार्य उपयोगी हुनेछ।

ऊर्जा सुरक्षासम्बन्धी संयुक्त वक्तव्यमा आवश्यक इन्धन र ग्यासको खुला व्यापार प्रवाह कायम राख्ने तथा वर्तमान सङ्कटलाई संयुक्त रूपमा सामना गर्ने प्रतिबद्धता दोहोर्‍याइएको छ । साथै आर्थिक सुरक्षा सहकार्यअन्तर्गत भूराजनीतिक तनाव, आर्थिक दबाब तथा बजार अवरोध जस्ता जोखिमबारे परामर्शलाई निरन्तरता दिने सहमति पनि गरिएको छ।

दुवै देशले विशेषगरी महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्य बढाउने विषयलाई प्राथमिकतामा राखेका छन् । रक्षा, विद्युतीय सवारी तथा प्रविधि उद्योगका लागि आवश्यक दुर्लभ पृथ्वी तत्वको आपूर्ति व्यवस्थापनमा चीनको प्रभुत्वलाई सन्तुलन गर्ने उद्देश्य यसमा देखिएको छ। संयुक्त विज्ञप्तिमा गैर-बजार नीतिहरू, निर्यात प्रतिबन्ध तथा आर्थिक दबाबका अभ्यासप्रति चिन्ता व्यक्त गर्दै यस्ता प्रवृत्तिले विश्व बजारमा असन्तुलन सिर्जना गर्ने उल्लेख गरिएको छ । महत्त्वपूर्ण खनिजलाई आर्थिक सुरक्षा साझेदारीको प्रमुख आधारका रूपमा विकास गर्ने घोषणा पनि गरिएको छ।

यसैअनुसार अस्ट्रेलियाले जापानसँग सम्बन्धित खनिज परियोजनाहरूमा सहयोग गर्न एक अर्ब ३० करोड अस्ट्रेलियन डलरसम्म लगानी उपलब्ध गराउने जनाएको छ।

रक्षा सहकार्यतर्फ पनि नयाँ कदम अघि बढाइएको छ । जापान र अस्ट्रेलियाका रक्षामन्त्रीहरूले हालै जापानी डिजाइनका तीन युद्धपोत आपूर्तिसम्बन्धी बहु-अर्ब डलरको सम्झौतामा हस्ताक्षर गरिसक्नुभएको छ। मित्सुबिशी हेभी इन्डस्ट्रिजले जापानमै प्रारम्भिक तीन मोगामी-वर्गका फ्रिगेट निर्माण गर्नेछ भने अस्ट्रेलियाले थप आठ जहाज आफ्नै शिपयार्डमा निर्माण गर्ने योजना बनाएको छ।

औपचारिक छलफलपछि दुवै नेताबीचको संवाद केही हल्का वातावरणमा पनि पुगेको थियो । सङ्गीतप्रेमीका रूपमा परिचित अल्बानिजले ताकाइचीको हेभी मेटल सङ्गीतप्रतिको रुचिबारे मजाक गर्दै आगामी भेटमा पनि यस्तो अनौपचारिक छलफल जारी रहने सङ्केत गर्नुभयो। रासस

# बाह्रसिङ्गा ब्याडमिन्टनको उपाधि बम र बोहरालाई



महेन्द्रनगर । यहाँको महेन्द्रनगरमा आयोजित सुदूरपश्चिम प्रदेशस्तरीय बाह्रसिङ्गा ब्याडमिन्टन प्रतियोगिताको उपाधि धनगढीका राजेन्द्रबहादुर बम र राम बोहराको जोडीले जितेको छ।

पश्चिमपाटीद्वारा आयोजित प्रतियोगिताको 'बी लेभल'तर्फको फाइनल खेलमा भोजराज भट्ट र गणेश मिश्रको जोडीलाई पराजित गर्दै बम र बोहराको जोडीले ४४ हजार ४४४ रुपैंया नगद पुरस्कारका साथमा, ट्रफी/मेडलसहित उपाधि जितेको हो। त्यसैगरी उपविजेता भोजराज भट्ट र गणेश मिश्रको जोडीले नगद २२ हजार २२२ रुपैयाँ नगद, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको प्रतियोगिता संयोजक शेरबहादुर सिंहले बताए।

त्यसैगरी प्रतियोगिताको ' बी लेभल'तर्फ कमलसिंह भाट र विवेक ऐर, जीवन खड्का र अमित शाहको जोडीले तृतीत स्थान हासिल गरे । उनीहरुले समान ११ हजार १११ रुपैयाँ नगद, ट्रफी र प्रमाणपत्र प्राप्त गरे । त्यसैगरी प्रतियोगितामा ४५ वर्ष उमेर समुह माथिको भेट्रानतर्फ धनगढीकै भोजराज भट्ट र वीरेन्द्रसिंह विष्टको जोडीले उपाधि जितेको छ।

फाइनल खेलमा सुरेन्द्र कार्की र शैलेन्द्र श्रेष्ठको जोडीलाई पराजित गर्दै भट्ट र विष्टको जोडीले १५ हजार ५५५ रुपैयाँ नगद, ट्रफीसहित उपाधि जितेको हो।

उपविजेता बनेको कार्की र श्रेष्ठको जोडीले सात हजार ५५५ रुपैयाँ नगद, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा तेस्रो हुने प्रेम चन्द, पदम ठकुराठीको जोडी र सुरेन्द्रप्रसाद भट्ट, ईश्वरी दत्त भट्टको जोडीलाई पाँच हजार ५५५ रुपैयाँ नगद ट्रफी र प्रमाणपत्रसहित पुरस्कृत गरिएको छ।

प्रतियोगिताको दुवै विधामा गरी ८० टिम सहभागी थिए । रासस

# मेची भन्सार मातहतका पाँचवटा छोटी भन्सार वर्षौंदेखि बन्द




झापा । मेची भन्सार कार्यालय मातहतका छवटा छोटी भन्सार कार्यालयमध्ये एउटामात्र सञ्चालनमा छ । राजस्व असुली र सीमापार व्यापारको सहजीकरणका लागि सरकारले सीमावर्ती नाकाहरूमा स्थापना गरेको अरु पाँचवटा छोटी भन्सार बन्द अवस्थामा छ ।

मेची भन्सार कार्यालयअन्तर्गत गौरीगन्ज-२ मा आठमौजा छोटी भन्सार, मेचीनगर-२ मा गाडागल्ली छोटी भन्सार, मेचीनगर-४ मा बाहुनडाँगी छोटी भन्सार, मेचीनगर-५ मा नकलबन्दा छोटी भन्सार, मेचीनगर-७ मा सतिघट्टा छोटी भन्सार र गौरीगन्ज-१ मा महाभारा छोटी भन्सार स्थापना भएका थिए ।

हाल गौरीगन्ज-२ स्थित आठमौजाबाहेक अरु छोटी भन्सार कार्यालय बन्द रहेको मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले बताउनुभयो । "आठमौजा छोटी भन्सारचाहिँ सञ्चालनमा छ, तर खासै भन्सार कारोबार हुनसकेको छैन", उहाँले भन्नुभयो, "अरु नाकाबाट खासै व्यापार नभएका कारण छोटी भन्सार नचलेका हुन् ।"

आयात र निर्यात कारोबार हुनका लागि भन्सार कार्यालयमात्र भएर पुग्दैन । क्वारेन्टाइनलगायतका कार्यालय पनि आवश्यक पर्दछ । छोटी भन्सारमा अन्य कुनै पनि सुविधा र सेवा उपलब्ध छैन । पूर्वी प्रवेशद्वार काँकरभिट्टामा मेची भन्सार कार्यालय छ । जहाँ सुक्खा बन्दरगाह, अध्यागमन कार्यालय, क्वारेन्टाइन कार्यालय र प्रविधियुक्त जाँच कक्षहरू रहेका छन् ।

मेचीनगर-४ मा रहेको बाहुनडाँगी छोटी भन्सार विगत आठ वर्षदेखि बन्द रहेको स्थानीय वडाध्यक्ष अर्जुनकुमार कार्कीले बताउनुभयो । "के-कस्तो सहयोग आवश्यक पर्छ, हामी जनस्तरबाट दिन तयार छौँ", छोटी भन्सार सञ्चालन गर्न आग्रह गर्दै वडाध्यक्ष कार्कीले भन्नुभयो, "विसं १९९० देखि चल्दै आएको नेपालकै पुरानोमध्येको सीमाबजार हो बाहुनडाँगी । ऐतिहासिक पृष्ठभूमि बोकेको यो भन्सारलाई बन्द गरिँदा हामीलाई दुःख लागेको छ ।"रासस

# भन्सार कडाइसँगै भद्रपुर बजारमा चहलपहल, नेपाली व्यवसायी खुसी

भद्रपुर । वर्षैभरि प्रायः सुनसान रहने देशकै पुरानो सहर भद्रपुर बजारमा यतिबेला भने चहलपहल बढ्न थालेको छ । नेपाल सरकारले सीमावर्ती भन्सार नाकामा कडाइ गरेसँगै स्थानीय बजारमा व्यापारिक सम्भावना देखिन थालेपछि यहाँका नेपाली व्यवसायीहरू खुसी भएका छन् ।




लामो समयदेखि भारतीय बजारमा निर्भर रहेका उपभोक्ता र व्यापारीहरू क्रमशः स्वदेशी बजारतर्फ फर्किन थालेपछि भद्रपुरको व्यापारमा सकारात्मक सङ्केत देखिएको छ । भारततर्फबाट नेपाल ल्याउँदा रु एक सयभन्दा बढीका सामानमा भन्सार लाग्ने भएपछि नेपालतर्फबाट बजार चलायमान हुन थालेको स्थानीयहरू बताउँछन् ।

झापाको भद्रपुर आसपासका स्थानीयका लागि भारतको विहार राज्यअन्तर्गत पर्ने गलगलिया बजार प्रमुख किनमेल केन्द्रका रूपमा स्थापित थियो । दैनिक उपभोग्य सामग्रीदेखि लत्ताकपडा र अन्य सामान सस्तो मूल्यमा पाइने भएकाले नेपाली उपभोक्ताको आकर्षण त्यहीँ केन्द्रित हुने गरेको थियो । तर पछिल्लो समय भन्सार नाकामा कडाइ गरिएपछि त्यसको प्रत्यक्ष प्रभाव सीमावर्ती बजारको व्यापारिक गतिविधिमा परेको देखिन्छ ।

भद्रपुर-६ स्थित 'रवि वस्त्रालय'का सञ्चालक रवि गुप्ताका अनुसार केही समयअघि सम्म व्यापार अत्यन्तै सुस्त अवस्थामा पुगेको थियो । "व्यापार छोडेर अन्य विकल्प खोज्नुपर्ने अवस्था आउँदै थियो," उहाँले भन्नुभयो, "तर पछिल्ला केही दिनको व्यापारले फेरि आशा जगाएको छ ।" उहाँका अनुसार हालको व्यापार विगतको तुलनामा ३० देखि ४० प्रतिशतले वृद्धि भएको छ । यही अवस्था कायम रहिरहेमा व्यापार शत्प्रतिशतसम्म बढ्नेमा उहाँ विश्वस्त देखिनुहुन्छ ।

त्यस्तै, भद्रपुर-६ मै 'राजेश स्टोर'का सञ्चालक शत्रुधन प्रसाद पनि पछिल्लो व्यापारिक अवस्थालाई आशाजनक मान्नुहुन्छ । उहाँका अनुसार केही दिनको कारोबारले बजारमा सकारात्मक सङ्केत दिएको भए पनि यसको स्थायित्वबारे भने अझै अनिश्चितता रहेको छ । "यदि भन्सारमा कडाइ निरन्तर रह्यो भने व्यापार अझै बढ्न सक्छ," उहाँले भन्नुभयो ।

भद्रपुरका पुराना पत्रकार देवेन्द्रकिशोर ढुङ्गानाले भद्रपुरको ऐतिहासिक व्यापारिक महत्वबारे स्मरण गर्दै विगतमा यो क्षेत्र निकै चर्चित रहेको बताउनुहुन्छ । "२०३४ सालसम्म भद्रपुरमै झापाको प्रमुख भन्सार कार्यालय थियो," उहाँले भन्नुभयो, "तर पछि त्यो काँकडभिट्टामा स्थानान्तरण भएपछि भद्रपुरको व्यापारिक चहलपहल क्रमशः घट्दै गयो ।" उहाँका अनुसार अहिलेको भन्सार कडाइले तत्काल विगतको जस्तो रौनक फर्काउन नसके पनि व्यापारमा केही सकारात्मक प्रभाव भने अवश्य पार्नेछ ।

सीमापारिको अवस्थाले पनि यस परिवर्तनलाई पुष्टि गर्छ । भारतको गलगलिया क्षेत्रमा किराना पसल सञ्चालन गर्दै आएका प्रदीप घोषका अनुसार नेपाली ग्राहक घटेपछि व्यापारमा ठूलो गिरावट आएको छ । "हाम्रो मुख्य ग्राहक नेपाली नै थिए, उनीहरू आउन छाडेपछि व्यापार ६० देखि ७० प्रतिशतले घटेको छ," उहाँले भन्नुभयो ।

यही अवस्था लामो समयसम्म रहिरहेमा अन्य विकल्प खोज्नुपर्ने बाध्यता आउन सक्ने उहाँको भनाइ छ । तर सबै व्यापारीको अनुभव भने समान छैन । गलगलियामै 'सेवारो कपडा पसल' सञ्चालन गर्दै आएका नेपाली मूलका व्यापारी नारायण लिम्बूले भने व्यापार पुनः सामान्य अवस्थामा फर्किन थालेको बताउनुहुन्छ । "केही दिन फरक परे पनि अहिले ग्राहक फेरि आउन थालेका छन्," उहाँले भन्नुभयो, "घरायसी प्रयोजनका लागि सानो परिमाणमा सामान ल्याउन दिइएकाले व्यापार पहिलेको जस्तै हुन थालेको छ ।"

त्यस्तै, गलगलियाबाट केही पर फुटवेयर व्यवसाय सञ्चालन गर्दै आएका राजन चौधरीले भने भारतीय ग्राहककै भरमा व्यापार टिकाइराख्नुपरेको बताउनुहुन्छ । "नेपाली ग्राहकको सङ्ख्या उल्लेख्य रूपमा घटेको छ," उहाँले भन्नुभयो, "यसले हाम्रो व्यापारमा ३० प्रतिशतभन्दा बढी कमी ल्याएको छ ।"

भन्सार कडाइको प्रभाव आवतजावतमा पनि देखिएको छ । भद्रपुर भन्सार कार्यालयका सूचना अधिकारी प्रेमबहादुर लामाका अनुसार सीमामा आवागमन घट्दा राजस्व सङ्कलनमा प्रत्यक्ष असर परेको छ । "मानिसहरूको आवागमन कम भएपछि भन्सारबाट हुने राजस्वमा पनि कमी आउँछ," उहाँले बताउनुभयो ।

सुरक्षा निकायले पनि सीमामा निगरानी बढाएको छ । सशस्त्र प्रहरी बल नेपाल नं २ गण हेडक्वार्टर झापाका सशस्त्र प्रहरी नायब उपरीक्षक शङ्कर शाहका अनुसार घरायसी प्रयोजनका लागि ल्याइने सामानमा केही सहुलियत दिइए पनि स्क्रिनिङ गरेर मात्र भित्रिन दिइन्छ । "व्यापारिक र व्यक्तिगत प्रयोजन छुट्याएर आवश्यक भन्सार तिराएर मात्र सामान भित्रिन दिइएको छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार अवैध चोरी निकासी नियन्त्रणका लागि सशस्त्र प्रहरीले निरन्तर प्रयास गरिरहेको भए पनि भारतसँगको खुला सीमाका कारण पूर्ण नियन्त्रण चुनौतीपूर्ण रहेको छ । "लामो खुला सीमा भएकाले पूर्ण नियन्त्रण सजिलो छैन, तर नियन्त्रणका प्रयासहरू निरन्तर जारी छन्," उहाँले स्पष्ट पार्नुभयो ।

भद्रपुर भन्सार कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को वैशाख १९ गतेसम्ममा रु १३ करोड ४३ लाख ७९ हजार राजस्व सङ्कलन भएको छ । उक्त नाकाबाट कपडा, हार्डवेयर, खाद्यान्न, विद्युतीय सामग्रीलगायत वस्तु आयात हुने गरेको छ ।

समग्रमा, भन्सार कडाइले सीमावर्ती व्यापारको ढाँचामा परिवर्तन ल्याएको देखिन्छ । एकातर्फ नेपाली बजारमा चहलपहल बढेको छ भने अर्कोतर्फ भारतीय बजारमा यसको प्रत्यक्ष असर परेको छ । यद्यपि, यो अवस्था दीर्घकालीन रूपमा कस्तो रहने भन्ने विषय अझै अनिश्चित छ । यदि सरकारले अपनाएको कडाइ निरन्तर र प्रभावकारी रूपमा कायम राख्न सकेमा भद्रपुरजस्ता पुराना बजारहरू पुनर्जीवित हुने सम्भावना देखिएको छ । रासस

# सौराहामा पर्यटकको आगमन उत्साहजनक : व्यवसायी

चितवन । सातामा दुई दिन बिदा भएसँगै यहाँका पर्यटकीय क्षेत्रहरू चलायमान बनेका छन् । जिल्लाको मुख्य पर्यटकीय गन्तव्य सौराहामा विगतको तुलनामा छुट्टीको समयमा पर्यटक बढेको व्यवसायीले जनाएका छन् ।



चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधिमा रमाउन यहाँ पर्यटक आउने गर्दछन् । गोष्ठीहरू र विवाहका लागि पनि पर्यटक सौराहा आउने गर्दछन् । गत वर्षहरूको तुलनामा यस वर्ष पर्यटकको आगमन उत्साहजनक देखिएको व्यवसायीको भनाइ छ ।

क्षेत्रीय होटल सङ्घका उपाध्यक्ष गुणराज थपलियाले शुक्रबार, शनिबार र आइतबार स्वदेशी पर्यटकको आगमन बढेकाले सौराहा चलायमान भएको छ । उहाँले भन्नुभयो, "बिदाको दिनमा विदेशी पर्यटक मात्रै पनि ४० प्रतिशतभन्दा बढी छन् ।" भारतीय, चिनियाँ र तेस्रो मुलुकका पर्यटक सौराहा आएका छन् । बिदाको दिनमा पर्यटकको सङ्ख्या नेपाली बढी हुने भए पनि अन्य दिनहरूमा विदेशी ७० प्रतिशत हाराहारी छन् । सरदर यो वर्ष ५० प्रतिशत कोठाहरू भरिएका छन् । उहाँका अनुसार गत वर्ष यो प्रतिशत ४० हाराहारी थियो ।

चितवन आउने बाटो राम्रो भएमा पर्यटक सङ्ख्या अरू थपिने व्यवसायीको भनाइ छ । पोखराबाट चितवन आउने बाटो राम्रो भए पनि काठमाडौँ र भैरहवाबाट यहाँ आउने बाटो विस्तारका क्रममा रहेकाले सोचेजस्तो पर्यटक आगमन छैन । होटल भिस्टा सौराहाका सञ्चालक रमेश सिलवाल बिदा हुँदा स्वाभाविक रूपमा पर्यटक बढ्ने बताउनुहुन्छ । उहाँले बिदा हुँदा देशका विभिन्न ठाउँबाट पनि पर्यटक आउन सहज भएको बताउनुभयो । यस वर्ष आफूले स्विमिङ पुल पनि थप गरेकाले आफ्नो होटलमा पर्यटक बढेको उहाँको भनाइ छ ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा बिदाको समयमा हात्ती चढ्न पालो कुर्नुपर्ने बताउनुहुन्छ । बिदामा पर्यटकको आगमन बढेसँगै पर्यटकीय गतिविधिमा रमाउनेहरूको सङ्ख्या पनि बढेको हो । सहकारीअन्तर्गत २५ वटा हात्ती रहेका छन् । ती हात्तीले बिहान र बेलुका पर्यटक घुमाउने गर्दछन् ।

रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) का पूर्वअध्यक्षसमेत रहनुभएका खतिवडा रेष्टुरेन्टहरू पनि बिदाको समयमा भरिभराउ हुने गरेका छन् । अघिल्लो वर्षका तुलनामा अन्य समयमा पनि पर्यटक बढेको उहाँले बताउनुभयो ।

सौराहामा १४८ होटल छन् । जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ । ती होटलमा चार खर्बभन्दा बढी लगानी रहेको अनुमान व्यवसायीको छ । प्रत्यक्ष रूपमा ६ हजार ४०० ले रोजगारी पाएका छन् । अप्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या १२ हजारभन्दा बढी छ । बर्सात लागेसँगै यहाँ आउने पर्यटकको सङ्ख्या घट्ने गर्दछ । रासस

# वाग्मती प्रदेश सरकारले बलेफीमा 'ऱ्याफ्टिङ स्कुल' स्थापना गर्ने

काठमाण्डु । वाग्मती प्रदेश सरकारले सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका-५ मा 'ऱ्याफ्टिङ स्कुल' स्थापना गर्ने भएको छ ।



यसका लागि प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयबाट काम अघि बढेको सचिव दीपेन्द्र सुवेदीले राससलाई जानकारी दिनुभयो । यो स्कुलमा 'रिभर गाइड' तालिम लिन अन्तरराष्ट्रियस्तरबाट पनि प्रशिक्षार्थी आउने उहाँले बताउनुभयो । नेपालको भोटेकोशी र त्रिशूली नदी विश्वमै जलयात्राका लागि प्रसिद्ध छ ।

बागमती प्रदेशमा बग्ने त्रिशूली, नारायणी, भोटेकोशी, सुनकोशीजस्ता नदी र मकवानपुरको कुलेखानी ड्यामलाई जल पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न लागिएको पनि मन्त्रालयले जनाएको छ ।

यसका लागि चालु आर्थिक वर्षमै बजेट विनियोजन गरी काम अघि बढेको छ । यी स्थलमा बर्सेनि साहसिक महोत्सव आयोजना गरी राष्ट्रिय, अन्तरराष्ट्रिय पर्यटकलाई आकर्षित गर्न सकिने भएकाले यसतर्फ प्रदेश सरकारले काम सुरु गरेको हो । रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सिन्धुलीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८३/०२/०५ गते/स्थान : शाखा कार्यालय सिन्धुली**

**बोलपत्र खोलिने मिति/समय**
**२०८३/०२/०७ गते, बिहीबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : सिन्धुली | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | |
| १. | नाम : गणेश बाहादुर थापा<br>ना.प्र.नं. २६४२, जि.प्र.का. सिन्धुली, जारी मिति : २०५१/११/१७<br>बाबुको नाम : भक्त बहादुर थापा, बाजेको नाम : बिर बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ६, हाल : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ३ | |
| | जमानतकर्ताको विवरण | |
| | १. नाम : रत्न कुमारी थापा क्षेत्री<br>ना.प्र.नं. ४६१७/११५०, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४५/०१/१६<br>पतिको नाम : भक्त बहादुर थापा<br>ससुराको नाम : बिर बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ६<br>हाल : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ३ | २. नाम : बाल कुमारी थापा<br>ना.प्र.नं. १३६८/४९६७०, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६३/०४/१०<br>पतिको नाम : गणेश बाहादुर थापा<br>ससुराको नाम : भक्त बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ६<br>हाल : सिन्धुली जिल्ला, गोलन्जोर गा.पा. वडा नं. ३ |
| | धितोको विवरण | |
| | रत्न कुमारी थापा क्षेत्रीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ५ घ स्थित कित्ता नं. ८१ र १० को क्षेत्रफल क्रमशः ३-४-१-३ र ९-३-२-० (रोपनी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# स्वास्थ्य बीमामा गण्डकी सरकारको अनुदान



गण्डकी । गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयको अनुदान सहयोगमा अपाङ्गता भएका, मिर्गौलापीडित बिरामीका परिवारलगायत सात हजार ६१ जनाको निःशुल्क स्वास्थ्य बीमा गरिएको छ । जसमा अपाङ्गता भएकाका परिवार पाँच हजार ९४६, मिर्गौलापीडित बिरामीका परिवार ४३१ र द्वन्द्वपीडित ३८२ रहेका छन् ।

त्यसैगरी जनआन्दोलनका घाइते २८, सहिद तथा बेपत्ता परिवारका ६३ र कास्कीमा क्रियाशील २११ जना पत्रकारको स्वास्थ्य बीमा गरिएको स्वास्थ्य बीमा बोर्ड गण्डकी प्रदेश कार्यालयका संयोजक जीवलाल खरेलले जानकारी दिनुभयो । "प्रदेशको स्वास्थ्य मन्त्रालयको अनुदान सहयोगमा आर्थिक वर्ष २०८१/८२ मा सात हजार ६१ जनाको स्वास्थ्य बीमा भएको हो", उहाँले भन्नुभयो, "अपाङ्गता भएका नागरिकलगायतले निःशुल्क स्वास्थ्य बीमाको सुविधा पाइरहनुभएको छ ।"

गण्डकी प्रदेशका एक लाख ६१ हजार ९३५ ज्येष्ठ नागरिक, दुई हजार ३११ एचआइभी सङ्क्रमितको परिवार, अतिअशक्त अपाङ्गता भएका पाँच हजार ६३० परिवार, कुष्ठरोग सङ्क्रमितका ९० परिवार, क्षयरोग सङ्क्रमितका ५७ परिवार र चार हजार ६४२ महिला स्वास्थ्य स्वयंसेविकाका परिवार स्वास्थ्य बीमामा आबद्ध छन् ।

प्रदेशमा हालसम्म चार लाख ४४ हजार ७७६ परिवार स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको संयोजक खरेलले बताउनुभयो । रासस

# सुदूरपश्चिमका सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रमा उपचार सेवा विस्तार गरिँदै

कञ्चनपुर । सुदूरपश्चिम प्रदेशका सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रमा उपचार सेवा विस्तार गरिने भएको छ । सन् २०३० सम्ममा सर्पदंशबाट हुने मृत्युदर र अपाङ्गतालाई ५० प्रतिशतले घटाउने सरकारको लक्ष्यअनुरूप उपचार केन्द्र विस्तार गर्न लागिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पतालदेखि प्राथमिक स्वास्थ्य केन्द्रसम्म सर्पदंशको उपचार सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ ।



सोही योजनाअनुरूप डडेल्धुराको जोगबुडा अस्पताल, बैतडीको पाटन र केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र, दार्चुलाको गोकुलेश्वर अस्पताल, बझाङको रायल प्राथमिक स्वास्थ्य केन्द्र र बाजुराको कोल्टी आधारभूत अस्पतालमा सेवा विस्तार गरिन लागेको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा खगेन्द्र बमले बताउनुभयो ।

"सेवा विस्तार गरिने सर्पदंश उपचार केन्द्रमा उपचार सेवा प्रभावकारी बनाउन स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गरिएको छ", उहाँले भन्नुभयो, "ग्रामीण भेगका नागरिकलाई समयमै उपचार सुनिश्चित गर्न चिकित्सक तथा आकस्मिक विभागमा कार्यरत स्वास्थ्यकर्मीका लागि दुईदिने विशेष तालिम सञ्चालन गरी सर्पदंश उपचारमा दक्ष बनाइएको छ ।"

उहाँका अनुसार जिल्ला सदरमुकाममा रहेका अस्पतालमा भने सर्पदंशको उपचार सेवा पहिलेदेखि निरन्तर रूपमा सञ्चालनमा छ । ग्रामीण तथा दुर्गम क्षेत्रमा उपचार सेवा नहुँदा बिरामीले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था रहँदै आएको छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्कअनुसार विगतमा डडेल्धुराको परशुराम नगरपालिका, बैतडीको तल्लो स्वराड, पाटन, गोकुलेश्वर तथा डोटीमा सर्पदंशका बिरामीको मृत्यु हुने गरेको छ ।

सर्पदंश उपचारमा नेपाली सेनाको भूमिका प्रशंसनीय छ । नेपाली सेनाले विभिन्न स्थानमा आफ्नै उपचार केन्द्रमार्फत सेवा प्रदान गरिरहेको छ । सुदूरपश्चिमकै कैलालीको बडैपुर र कञ्चनपुरको अर्जुनीमा सञ्चालनमा रहेका उपचार केन्द्रबाट नागरिकले प्रभावकारी सेवा पाइरहेका छन् । सेना र सरकारी अस्पतालबीचको समन्वयले सर्पदंश व्यवस्थापन थप सुदृढ भएको छ ।

महाकाली प्रादेशिक अस्पतालमा विगत पाँच वर्षदेखि सर्पदंशका कारण हुने मृत्युदर शून्य रहेको अस्पतालका निवर्तमान मेडिकल सुपरिटेन्डेन्ट डा अर्जुन भट्टले बताउनुभयो । उहाँका अनुसार पछिल्लो छ महिनामा मात्रै ३२ जना विषालु सर्पले टोकेका बिरामी उपचारका लागि आएकामा सबैको सफलतापूर्वक उपचार गरिएको छ । विशेषज्ञ चिकित्सक तथा तालिमप्राप्त स्वास्थ्यकर्मीको सक्रियताका कारण जटिल अवस्थाका बिरामीको पनि ज्यान जोगाउन सम्भव भएको उहाँको भनाइ छ ।रासस

# 'सरकारको परिवर्तन हुँदैन'



टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेश प्रदेश सरकार परिवर्तन नहुने दाबी गरेका छन् ।

उनले मधेश प्रदेश सरकारभित्र कुनै प्रकारको गठनबन्धन दलहरुमा असन्तुष्टि नरहेको दाबी गरे ।

पछिल्लो समय सत्तारुढ दलहरूबीच असन्तुष्टि बढेको र प्रदेश सरकार फेरबदल हुनसक्ने चर्चा चलिरहेका बेला मुख्यमन्त्री यादवले उनले प्रदेश सरकार अहिले फेरबदल नहुने दाबी गरे ।

मुख्यमन्त्री यादवले प्रदेश सरकारले आफ्नो नियमित गतिमा चलायमान रुपमा अघि बढिरहेको र सत्तारुढ दलहरूको पूर्ण सहयोग प्राप्त भइरहेको बताए ।

मुख्यमन्त्री यादवले भने, 'सरकार सञ्चालनमा कुनै अवरोध छैन, सबै दलहरूको साथ र समर्थन रहेको छ ।'

नेपाली कांग्रेसभित्रै नेतृत्व परिवर्तनको विषय उठिरहेको भन्ने चर्चाबारे आफूलाई कुनै जानकारी नभएको पनि जिकिर गरे ।

कांग्रेस सभापति गगन कुमार थापाबाट सरकार सञ्चालनको बारेमा आफूलाई कुनै दबाब र निर्देशन नआएको मुख्यमन्त्री यादवले स्पष्ट पारे ।

उनले अहिले प्रदेश सरकार बजेट कार्यान्वयन तथा आगामी आर्थिक वर्षको बजेट निर्माणमा केन्द्रित रहेको बताए ।

मुख्यमन्त्री यादवले यही व्यस्तताका बीच सरकार परिवर्तनको हल्ला फैलाउनु मधेश प्रदेशकै लागि दुर्भाग्यपूर्ण विषय रहेको बताए ।

आफूले मधेश प्रदेश सरकारको नेतृत्व पूरा कार्यकाल सञ्चालन गर्ने विश्वास व्यक्त गर्दै सत्तारुढ दलहरूको निरन्तर सहयोग रहने दाबी गरे ।

तर ०८२ मा प्रतिनिधिसभा निर्वाचनको क्रममा आफ्नै पार्टीका सभापति थापालाई हराउन विभिन्न खाले षड्यन्त्र गरेको भन्दै मुख्यमन्त्री यादवमाथि आरोपहरु लाग्दै गर्दा कांग्रेसभित्र पनि मधेश प्रदेश सरकार परिवर्तन हुनु पर्ने भन्दै आवाज उठ्न थालेको छ ।

# नाकामा सेटिङ्गको आशंका

**सबैभन्दा ठूलो प्रश्न यही हो– सीमा निगरानी कडा छ, सिसिटीभी ठाउँ ठाउँमा जडान छ भने २४ वटा स्कुटर कसरी भित्रिए ? त्यो पनि एउटै समयावधिमा, बिना कुनै रोकतोकको । वीरगञ्ज-रक्सौल नाका नेपाल-भारतबीचको सबैभन्दा व्यस्त र संवेदनशील व्यापारिक नाका हो ।**

टुडे समाचारदाता

वीरगञ्ज । मधेश प्रदेशको मुख्य व्यापारिक नाका पर्सास्थित वीरगञ्ज नाका फेरि एकपटक शंकाको घेरामा परेको छ । भन्सार छली गरी नेपाल भित्रियाइएका २४ वटा भारतीय इलेक्ट्रिक स्कुटर प्रहरीले नियन्त्रणमा लिएको घटनाले सार्वजनिक भएपछि भन्सार कार्यालय नाकामा खटिएका प्रहरीमाथि तस्कर सेटिंग रहेको भन्ने कुरा उठ्न थालेको छ ।

गत वैशाख १४ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिका तथा आसपासका ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका ती स्कुटरहरू नियन्त्रणमा लिएको थियो । विभिन्न स्थानमा छरिएर प्रयोग भइरहेको अवस्थामा फेला परेका स्कुटरहरू नाकामा कडा सुरक्षा सुरक्षाका बीच ती अवैध रूपमा भारतबाट कसरी भित्रियो प्रश्न उठेको छ । बरामद गरिएका स्कुटरहरूको अनुमानित मूल्य करिब १९ लाख २० हजार रुपैयाँ रहेको छ ।

प्रहरीले ती सबै स्कुटरहरूलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ । यस प्रकरणले उल्टै सीमामा भइरहेको 'सेटिङ' को बहसलाई थप चर्काएको छ ।

सबैभन्दा ठूलो प्रश्न यही हो– सीमा निगरानी कडा छ, सिसिटीभी ठाउँ ठाउँमा जडान छ भने २४ वटा स्कुटर कसरी भित्रिए ? त्यो पनि एउटै समयावधिमा, बिना कुनै रोकतोकको । वीरगञ्ज-रक्सौल नाका नेपाल-भारतबीचको सबैभन्दा व्यस्त र संवेदनशील व्यापारिक नाका हो । त्यहाँ नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सार कार्यालयको बाक्लो उपस्थिति रहन्छ । प्रत्येक दिन सयौं सवारीसाधन र हजारौं मानिसको आवतजावत हुने यो नाकाबाट कुनै पनि मालसामान भित्र्याउँदा कडा निगरानी हुने दाबी गरिन्छ । तर यति ठूलो संख्यामा स्कुटर भित्रिनु आफैंमा गम्भीर प्रश्न बनेको छ ।




स्थानीय व्यवसायीहरू भन्छन् "सामान्य नागरिकले एकसय रुपैयाभन्दा बढीको सानो परिमाणमा घरायसी सामान ल्याउँदा समेत चेकजाँच, जरिवाना र झन्झट भोग्नुपर्छ । तर यत्रो स्कुटर भित्रिँदा कसैले थाहा नपाउनु भनेको तस्करसँगको सेटिंग रहेको लाग्छ ।"

यो घटनाले सीमामा हुने तस्करीको पुरानो तर परिष्कृत तरिका पुनः चर्चामा ल्याएको छ । स्रोतहरूका अनुसार, महँगा सामानहरू सिधै एकैपटक नल्याई तस्करको साना-साना समूहमा सीमा पार गराइन्छ । त्यसपछि ती सामानहरू सीमावर्ती गाउँ वा गोदाममा जम्मा गरिन्छन् । आवश्यक 'समन्वय' मिलिसकेपछि ती सामानहरू बजारमा पठाइने गरिएको छ ।

यस्तो प्रक्रियामा सीमामा खटिएका केही कर्मचारी, बिचौलिया र तस्करबीच मिलेमतो हुने गरेको आरोप वर्षौंदेखि उठ्दै आएको छ । यद्यपि, यस्ता आरोपहरू प्रमाणित गर्न कठिन हुने भएकाले धेरैजसो घटना अनुसन्धानकै दायराभित्र सीमित हुने गरेका छन् ।

पछिल्लो समय नेपालमा इलेक्ट्रिक सवारीसाधनको माग उल्लेखनीय रूपमा बढेको छ । वातावरणमैत्री र कम खर्चिलो भएकाले इलेक्ट्रिक स्कुटरप्रति सर्वसाधारणको आकर्षण बढ्दै गएको छ । तर यही बढ्दो माग तस्करका लागि अवसर बनेको देखिन्छ । भारतमा तुलनात्मक रूपमा सस्तो पर्ने यस्ता स्कुटर नेपालमा भन्सार शुल्क, कर र दर्ता प्रक्रियाका कारण महँगो पर्छ। यही मूल्य अन्तर नै अवैध आयातको मुख्य कारण बनेको छ ।

# सौन्दर्य प्रतियोगिता हुने



टुडे समाचारदाता

जनकपुरधाम । मिथिलाको कला, संस्कृति र सौन्दर्यलाई प्रवर्द्धन तथा संरक्षण गर्ने उद्देश्यका साथ 'मिस मिथिला नारी सौन्दर्य प्रतियोगिता' आयोजना हुने भएको छ ।

कार्यक्रमको आधिकारिक घोषणा सोमवार बिहान जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरि आयोजक पक्षले जनाएको छ ।

काठमाडौंस्थित थर्ड आइ स्टुडियो प्रा.लि.ले आयोजना गर्न लागेको यस प्रतियोगिताले मिथिलाको मौलिकता, पहिचान र परम्परागत सौन्दर्यलाई आधुनिक मञ्चमार्फत उजागर गर्ने लक्ष्य लिइएको कार्यक्रमका संयोजक एवं थर्ड आई स्टुडियोका सीईओ हरिस जैसवाल जानकारी दिए ।

उनका अनुसार यो सौन्दर्य प्रतियोगिता मात्र नभई मिथिलाको सांस्कृतिक प्रतिनिधित्व गर्ने राष्ट्रिय परियोजनाका रूपमा अघि बढाइएको हो ।

पत्रकार सम्मेलनमा जयसवालले भने 'हामी मिथिलाको मौलिक पहिचानलाई विश्वसामु प्रस्तुत गर्न चाहन्छौं । सहभागी युवतीहरूलाई प्रतिस्पर्धामा सीमित नराखी उनीहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि र भविष्य निर्माणमा पनि विशेष ध्यान दिनेछौं ।'

प्रतियोगिताको अडिशन जेठ १६ गते जनकपुरधाम र जेठ २३ गते काठमाडौंमा सञ्चालन गरिनेछ भने फाइनल असार २७ गते काठमाडौंमै हुने कार्यक्रम तय गरिएको छ भने प्रतियोगितामा सहभागी हुन चाहनेले इ-सेवामार्फत मात्र १०० रुपैयाँ शुल्क तिरेर अनलाइन फारम भर्न सक्ने व्यवस्था गरिएको उनले जानकारी दिएका छन् ।

सो प्रतियोगितामा परम्परागत पहिरनलाई प्राथमिकता दिइएको छ । सहभागीहरूले साडी र कुर्ता सुरुवाल मात्र लगाउनुपर्नेछ भने वेस्टर्न ड्रेसलाई पूर्ण रूपमा निषेध गरिएको छ । जयसवालले दिएको जानकारी अनुसार प्रतियोगितामा प्रथम हुने विजेताले स्कुटी पुरस्कार प्राप्त गर्नेछिन् भने द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतिस्पर्धीलाई नगद पुरस्कार प्रदान गरिनेछ ।

# जनकपुरधाममा पाँचतारे होटल निर्माण

टुडे समाचारदाता

जनकपुरधाम । चितवनमा सञ्चालित रोयल टुलिप रिसोर्टका सञ्चालकले आफ्नो दायरा बढाउँदै जनकपुरधाममा समेत अर्बौको लगानीमा पाँच तारे होटल सञ्चालनमा ल्याउन लागेका छन् ।

नेपालको हस्पिटालिटी क्षेत्रमा आफ्नो बलियो उपस्थिति जनाइसकेका गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वउपाध्यक्ष रामेश्वर शाहले मिथिला नगरी जनकपुरधाममा समेत आफ्नो लगानीको दायरा विस्तार गर्दै सो पाँच तारे होटलको शिलान्यास गर्दै निर्माण कार्य अघि बढाएका छन् ।

मिथिला हस्पिटालिटी प्रालिद्वारा चितवनको रोयल टुलिप रिसोर्ट सञ्चालनमा आएको मात्र ८ महिनाको अवधिमै साहले नयाँ र परियोजना अघि बढाएका हुन् । जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियामा करिब २ अर्ब रुपैयाँ लागत अनुमान गरिएको १२४ कोठा क्षमताको आधुनिक होटल निर्माण गर्न लागिएको हो ।

निर्माण हुन लागेको उक्त होटल तीन वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ । परियोजनाले



जनकपुरधामलाई धार्मिक मात्र नभई 'वेडिङ डेस्टिनेसन' (विवाह गन्तव्य) को रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

मिथिला हस्पिटालिटीका अध्यक्ष रामेश्वर साहले होटल निर्माणको काम अब तीव्र गतिमा अघि बढाइने जानकारी दिँदै जनकपुरधामको पर्यटन पूर्वाधार विस्तारमा यस परियोजनाले नयाँ आयाम थप्ने बताए । उनका अनुसार होटलमा अत्याधुनिक सुविधा, अन्तर्राष्ट्रिय मापदण्डअनुसार सेवा र ठूलो क्षमताको सम्मेलन तथा विवाह समारोहका लागि हलसमेत रहनेछ । सो होटलमा ऊर्जा व्यवसायी काजी लामा, व्यवसायी सुदीप चौधरी, ऊर्जाविद् उदयकान्त झा तथा ज्ञानेन्द्र ढुंगाना लगायतको समेत लगानी रहेको जनाइएको छ ।

भूमि पूजन कार्यक्रममा बोल्दै मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले उक्त परियोजना प्रदेशकै गौरवको विषय भएको उल्लेख गरे । उनले निजी क्षेत्रको यस्तो लगानीले आर्थिक गतिविधि चलायमान बनाउने र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने बताए ।

कार्यक्रममा सहभागी धनुषा-३ का प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधाममा पहिलो पाँचतारे होटल बन्नु सकारात्मक भएको बताउँदै लगानीको वातावरण सुरक्षित बनाउनु सबै सरोकारवालाको साझा जिम्मेवारी भएको धारणा राखे ।

यस्तै, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले उपमहानगरपालिकाले पूर्वाधार विकास, सडक सञ्जाल विस्तार तथा लगानीमैत्री वातावरण निर्माणमा प्राथमिकता दिएको बताए । प्रख्यात उद्योगपति उपेन्द्र महतोले जनकपुरधामको सांस्कृतिक र धार्मिक महत्त्व विश्वमै अनुपम रहेको उल्लेख गर्दै यस्ता संरचनाले त्यसको मूल्य अझ बढाउने धारणा व्यक्त गरे ।

पर्यटन, होटल तथा सेवा क्षेत्रमा ठूलो लगानी भित्र्याउने उद्देश्यसहित अघि बढाइएको यस परियोजनाले जनकपुरधामलाई राष्ट्रिय मात्र नभई अन्तर ाष्ट्रिय स्तरको गन्तव्यका रूपमा स्थापित गर्ने विश्वास गरिएको छ । साथै, स्थानीय अर्थतन्त्र सुदृढ पार्दै सयौं रोजगारी सिर्जना हुने अपेक्षा समेत गरिएको छ ।

# दृष्टि दूत परिचालन

टुडे समाचारदाता

जनकपुरधाम । आँखा रोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले धनुषाको ढल्केबरस्थित रेयुकाई एईको मसुनागा आँखा अस्पतालले दृष्टि दूत परिचालन गरेको छ ।

समुदायस्तरमा पुगेर आँखा स्वास्थ्यबारे जानकारी फैलाउने लक्ष्यसहित ३० जना जेन-जी समूहका युवालाई दृष्टि दूतका रूपमा परिचालन गरिएको अस्पतालका महासचिव हीरामणि शर्माले जानकारी दिएका छन् ।

उनका अनुसार यस क्षेत्रमा आँखा रोगका बिरामीको स^ख्या अधिक भए पनि पर्याप्त चेतनाको अभावका कारण धेरैजसो बिरामी समयमै उपचारबाट वञ्चित छन् । यो अवधारण नेपालमा पहिलो पटक भएको बताउँदै उनले युवाको सक्रियताले समुदायमा स्वास्थ्यप्रति सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गरेका छन् ।

महासचिव शर्माले यस्तो




कार्यक्रमले ग्रामीण तथा सहरी क्षेत्रमा आँखासम्बन्धी समस्याको पहिचान गर्न सहयोग पुग्ने र बिरामीलाई समयमै उपचार सेवामा जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

परिचालन गरिएका दृष्टि दूतले ढल्केबरलगायत वरपरका गाउँमा पुगेर आँखा रोगका लक्षण, रोकथामका उपाय, नियमित परीक्षणको आवश्यकता तथा उपलब्ध उपचार सेवाबारे स्थानीयलाई जानकारी गराउने काम गरेको महासचिव शर्माले बताए । स्थानीय महेन्द्र र विनायक माध्यमिक विद्यालय कक्षा ११ का विद्यार्थीलाई दृष्टि दूतको रूपमा परिचालन गरिएको उनले जानकारी दिए ।

मासुनागा आँखा अस्पताल ढल्केबरका नेत्ररोग विशेषज्ञ डा. उमेश यादवले दृष्टि दूत परिचालन गर्नु अघि उनीहरूलाई आँखाका रोगसम्बन्धी आधारभूत ज्ञान, प्राथमिक पहिचान, परामर्श दिने तरिका तथा समुदायसँग प्रभावकारी सम्वाद गर्नेबारे तालिम प्रदान गरिएको बताए ।

# डिठ्ठा सिंहविरुद्ध भ्रष्टाचार मुद्दा

टुडे समाचारदाता

रौतहट । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला अदालग गौरका डिठ्ठा लबकुमार सिंहविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सिंहविरुद्ध अख्तियारले आज मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए । सेवाग्राहीसँग घुस-रिसवत वापत लिएको ५० हजार रुपैयाँसहित उनलाई केही दिनअघि अख्तियारको टोलीले कार्यालयबाटै पक्राउ गरेको थियो ।

सेवा ग्राहीको उजुरी एवं निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिएको टोलीले उनलाई रंगेहात पक्राउ गरेको थियो । उनले सेवाग्राहीको रोक्का जग्गा फुकुवा गर्नको लागि बिभिन्न बाहाना वनाई दुःख हैरानी दिई बार्गेनिङ्ग गरी सेवाग्राहीसँग घुस लिँदै आएको अख्तियारले जनाएको छ ।

उनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा मुद्दा दर्ता गरिएको हो ।

# राष्ट्रिय खेलाडी यादव मधेश टीममा

टुडे समाचारदाता

जनकपुरधाम । मधेस प्रदेश क्रिकेट टिमबाट राष्ट्रिय खेलाडी विवेक यादव खेल्ने भएका छन् । सोमबार मधेस प्रदेश क्रिकेट संघको बसेको बैठकबाट सो निर्णय सार्वजनिक गरेको हो ।

राष्ट्रिय खेलाडी यादव दुई वर्षअघि मधेस क्रिकेट संघमा यसै प्रदेशबाट खेल्न इच्छुक रहेको भन्दै आवेदन दिएका थिए । आवेदन दिएको दुई वर्ष पूरा भएको हुनाले यस प्रदेशबाट खेल्न अनुमति दिने संघले निर्णय गरेको हो । यादव अहिले



नेपाल आर्मीको विभागीय टिममा खेलिरहेका छन् ।

यस्तै, मधेस प्रदेश क्रिकेट टिम आगामी असारमा भारतको बैंग्लोरमा उत्कृष्ट टिमसँग खेल्न जाने भएको छ । संघको निर्णयअनुसार आगामी जुन १८, १९ र २० मा बैंग्लोरका उत्कृष्ट टिमसँग खेल्ने छन् । इलाइट कप पनि आगामी सिजनको सुरुआतमै गर्ने तयारी संघले गरिरहेका छन् ।

प्रदेशबाट खेल्ने 'ए' लेभलको खेलाडीको म्याच फि तीन हजार, 'बी' क्याटोगारीको १५ सय र 'सी' क्याटोगोरीको खेलाडीको एक हजार म्याच फि दिइने संघले निर्णय गरेका छन् । यस वर्ष संघले केन्द्रीय कन्ट्र्याक्टबाहेक ११ खेलाडीलाई प्रदेशको कन्ट्र्याक्टमा राख्ने र सो चयनको लागि कोषाध्यक्ष सुभाष जयसवालको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरेका छन् ।

# गहुँ उत्पादनमा कमी

टुडे समाचारदाता

बारा । मौसम अनुकूल नभएकाले उत्पादन नगर्दा बारा जिल्लामा यसवर्ष किसानले खेती गरेको गहुँ बाली २० प्रतिशतले कमी आएको छ ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार मौसम अनुकूल नहुँदा गहुँ उत्पादनमा १७ हजार ९८० मेट्रिकटनले कमी आएको हो ।

केन्द्रका प्रमुख राजनारायण साहले आर्थिक वर्ष २०८२/८३ मा किसानले २९ हजार हेक्टर क्षेत्रफलमा विभिन्न जातका गहुँखेती गर्दा प्रतिहेक्टर तीन दशमलव एक मेट्रिकटन उत्पादन हुनुपर्नेमा दुई दशमलव ४८ मेट्रिकटन भएको जानकारी दिए । अनुसार चालु आवमा ७१ हजार ९२ मेट्रिकटन गहुँ उत्पादन भएको छ ।

उत्पादित गहुँ स्तरीय भएकाले कलैयासहित आसपासका बजारमा प्रतिक्विन्टल रु चार हजारका दरले बिक्री भएको केन्द्रका कृषि अर्थविज्ञ गणेश महराले जानकारी दिए । उनका अनुसार गत आवमा रु चार अर्ब दुई करोड ५६ लाख ६० हजार बराबरको ९६ हजार ६२० मेट्रिकटन गहुँ उत्पादन भएको थियो ।

# फरार प्रतिवादी पक्राउ




टुडे समाचारदाता

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहटले फरार प्रतिवादी पक्राउ अभियानलाई तीव्र बनाउँदै विभिन्न मुद्दामा लामो समयदेखि फरार रहेका चार जनालाई पक्राउ गरेको छ ।

प्रहरी टोलीले कर्तव्य ज्यान, सवारी ज्यान, बैंकिङ कसुर तथा लागू औषध (गाँजा) सम्बन्धी मुद्दाका प्रतिवादीहरूलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरीका प्रवक्ता डीएसपी विष्णुप्रदीप बस्यालका अनुसार कर्तव्य ज्यान मुद्दामा करिब १५ वर्षदेखि फरार रहेका देवाही गोनाही नगरपालिका-३ का ३९ वर्षीय राम विनय चौधरी पक्राउ परेका छन्। उनीमाथि २०६६ फागुन २६ गते एक व्यक्तिलाई कुटपिट गरी घाइते बनाएको र उपचारका क्रममा मृत्यु भएको घटनामा संलग्न रहेको आरोप छ।

त्यस्तै, सवारी ज्यान मुद्दामा बौधीमाई नगरपालिका-६ का ३६ वर्षीय राम पुकार राय यादव पक्राउ परेका छन् । उनले चलाएको मोटरसाइकलको ठक्करबाट २०८१ पुस २ गते मौलापुर नगरपालिका-५ मा ६५ वर्षीय बनारसी राउत कुर्मीको मृत्यु भएको थियो ।

बैंकिङ कसुर मुद्दामा माधवनारायण नगरपालिका-६ का ४१ वर्षीय जितेन्द्र कुमार जयसवाल पक्राउ परेका छन् । उनीविरुद्ध सर्लाही जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो। उनलाई आवश्यक कारबाहीका लागि सर्लाही पठाइएको प्रहरीले जनाएको छ ।

यस्तै, लागू औषध (गाँजा) मुद्दामा ६ महिना कैद सजाय सुनाइएका देवाही गोनाही नगरपालिका-९ का ६५ वर्षीय सिकेन्द्र राय यादवलाई पनि प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार पक्राउ परेका कर्तव्य ज्यान र सवारी ज्यान मुद्दाका अभियुक्तमाथि अनुसन्धान भइरहेको छ भने अन्यलाई सम्बन्धित निकायमा पठाइएको छ ।

# श्रीमती कुटेको आरोपमा एक पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरीमा आफ्नै श्रीमतीलाई कुटपिट गरेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन् । जिल्लाको अग्निसाइर कृष्णासवरन गाउँपालिका-५, छपकीका नुर महम्मद मियाँ श्रीमतीलाई कुटपिट गरी अंगभंग गरेको आरोपमा पक्राउ परेको हो ।

गएको चैत २० गते श्रीमती मैमुल खातुनलाई खान बस्नसमेत नदिई कुटपिट गरी दुवै खुट्टाको हड्डी भाँचिदिएको पीडितले दिएको जाहेरीका आधारमा मियाँलाई पक्राउ गरिएको सप्तरी प्रहरीका प्रवक्ता डम्बरबहादुर पुरीले जानकारी दिएका छन् ।

पक्राउ परेका मियाँविरुद्ध कुटपिट तथा अंगभंगसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी सप्तरी जिल्ला अदालत, राजविराजबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान अघि बढाइएको उनले बताए ।

आगलागी

एक छिनको गल्ती ठूलो क्षति,

किन ल्याउने यस्तो विपति ?

सजग बनौं, होसियार रहौं,

आगलागीबाट

धनजन जोगाऔं ।

आमसंचार प्राधिकरण

मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८